२०५८
सहमति
(समुदाय र मानवता विकासका लागि प्रतिवद्ध संस्था)

# सहमति सन्देश

त्रैमासिक

वर्ष ८, अङ्क २, पूर्णाङ्क २९ (Year 8, Vol. 2, Issue 29 ) कार्तिक-पौष, २०६९ / Oct.-Dec. 2012, SAHAMATI SANDESH

## लघुवित्त तथा जीविकोपार्जन विशेष

### संस्थागत कुरा

समुदायमा छिरलिएर रहेको स–सानो पूँजिलाई बचतको माध्यमबाट समूह एवं सहकारीमा एकत्रित गरी तिनै समुदायका व्यक्तिहरुको सामाजिक तथा आर्थिक समृद्धिमा ऋण प्रवाह गरी सहकारीताको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउने संस्थागत प्रयास नै हामीले सञ्चालन गरेको लघुबित्त कार्यक्रमको एक नमूना हो । हालसम्म सहमतिले ३४३० वटा स्वावलम्बन समूह र १२२ वटा सहकारी संस्थाहरुको प्रवर्द्धन गरी ५२,०९१ घरधुरीका १,३१,८७१ लाभान्वित संख्यालाई लघुबित्तको माध्यमबाट जीवीकोपार्जनमा सुधार ल्याउने कार्य गरिसकेको छ । करिब रु. ३५ करोड पुँजी समुदायले आफ्नै प्रयासमा परिचालन गरिरहेका छन् । हालसम्म हामीले काम गरेका कुल १६६ गाविस र १ न.पा. मध्ये ५ गाविसहरुमा **सत प्रतिशत घरधुरी सहकारीमा आबद्ध** गराउने काममा सहकारी सफल भएको छन् । सहकारीको माध्यमबाट समुदायको आर्थिक एवं समाजिक समृद्धिमा सफलता प्राप्त गर्न समुदाय कृषि क्षेत्रको बृहत्तर विकास एवं गैर कृषिजन्य उत्पादन तथा सेवामूलक कार्यहरुमा लागि परेका प्रशस्त उदारणहरु हामी पाँउछौं । विभिन्न शीर्षकमा आफ्नो गाउँबाट बाहिरिने पूँजी र आफ्नै



गाउँमा उत्पादन भएको बस्तु तथा सेवाबाट भित्रिने पूँजीको तुलना गर्दै गाउँठाउँको खर्च र आम्दानीको विश्लेषण हुन थालेको छ । हामी आशा गरौं हाम्रो समुन्नति र समृद्धिको जिम्मेवारी प्रत्येक व्यक्तिले बोध गर्दै आत्मनिर्भरतातर्फ उन्मुख हुने कार्यमा लघुबित्त तथा जीविकोपार्जन गतिविधिले थप टेवा पुऱ्याउने छन् ।

**करुणा सागर सुवेदी**
अध्यक्ष एवं कार्यकारी निर्देशक



महिला बचत तथा ऋण सहकारी संस्थामा
शतप्रतिशत घरघुरी आवद्धता घोषणा सभा
२०६९ भाद्र २८
सिन्धुली

कदर-पत्र

यस सिन्धुली जिल्ला अन्तर्गत भद्रकाली, रतनचुरा, जलकन्या र भिमेश्वर गाउँ विकास समितिमा विगत ३० महिनादेखि लघुबित्त संस्थाहरुको संस्थागत क्षमता अभिबृद्धि कार्यक्रम मार्फत महिला बचत तथा ऋण सहकारी संस्थाहरुको प्रवर्धन र क्षमता अभिबृद्धिमा सहयोग गर्नुहुने सहमति, गैडाकोट नवलपरासी लाई महिला बचत तथा ऋण सहकारी संस्थामा शत प्रतिशत घरधुरी आवद्धता धोषणा सभाको आवसरमा स-धन्यबाद यो कदर पत्र प्रदान गरिएको छ ।।

सागरकुमार ढकाल
सभापति
कार्यक्रम अधिकृत
जिल्ला विकास समिति, सिन्धुली

बद्री श्रेष्ठ
प्रमुख अतिथि
प्रोग्राम यूनिट मेनेजर
प्लान नेपाल, सिन्धुली

लक्ष्मी प्रसाद देवकोटा
गा.वि.स. सचिव, रतनचुरा
सिन्धुली

थलकुमार गौतम
गा.वि.स. सचिव, भद्रकाली
सिन्धुली

बिष्णुप्रसाद भण्डारी
गा.वि.स. सचिव, जलकन्या
सिन्धुली

तिर्थकुमार भण्डारी
गा.वि.स. सचिव, भिमेश्वर
सिन्धुली

यस भित्र .........

- लघुवित्त तथा जीविकोपार्जन सम्बन्धी लेख-रचना र सफलताका कथाहरु ।
- सम्पन्नता अनुगमनका मुख्य सुचक तथा सहायक आधारहरु
- हाल सञ्चालित साझेदारी कार्यक्रमहरुको त्रैमासिक उपलब्धिहरु

## सहमति सन्देश
वर्ष-८, अङ्क-२, पूर्णाङ्क-२९
(कार्तिक-पौष २०६९)

**संरक्षक**
करुणा सागर सुवेदी
अध्यक्ष, सहमति

**संकलन तथा संयोजन**
सरोज भुषाल-कार्यक्रम अधिकृत

**सम्पादन टोली**
रत्न प्रसाद सापकोटा- उपाध्यक्ष/सहमति
नारायणी बास्तोला - कोषाध्यक्ष/सहमति
विमला खनाल - सदस्य/सहमति

**विशेष सहयोगी**
होमनाथ सुवेदी - महासचिव
भीमप्रसाद शर्मा - कार्यसमिति सदस्य
अशोकराज पोखरेल-केन्द्रीय कार्यक्रम व्यवस्थापक

**कम्प्यूटर**
रीता कुमाल-वरिष्ठ कम्प्युटर अपरेटर

**प्रकाशन सहयोगी**
Oxfam Hong Kong

**पत्राचार तथा सुझावका लागि**
सहमति
गैंडाकोट-५, नवलपरासी
फोन नं. : ०५६-५०२०९०, ५०२३७३
फ्याक्स : ०५६-५०२२७७
इमेल : sahamati@wlink.com.np
वेभसाइट : www.sahamati.org

**मुद्रण :**
शुभकामना अफसेट प्रेस
Shubhakamana Offset Press
शहीदचोक, नारायणगढ, फोनः ०५६-५७१७८५
इमेल : shubhakamana_press@yahoo.com

## सम्पादकीय.........

लघुवित्त र जीविकोपार्जन एकअर्कामा अत्यन्तै परिपूरक र सम्बन्धित चलनचल्तीका संस्थागत कार्यक्रमहरु हुन् । जुन संस्था समुदायमा लघुवित्तको कार्यक्रम गरिन्छ क्रमिक रुपमा जीविकोपार्जन सम्बन्धी कामहरु पनि गर्न थालिन्छ । लघुवित्तले मानिसलाई जुझारु र सृजनशील बनाई उपायको खोजीतर्फ उन्मुख गराइदिन्छ अर्थात् अब कसरी यो रकमलाई आयआर्जनतर्फ चलायमान बनाउन सकिन्छ भनि सोच्न बाध्य गराउँछ । जस अनुरुप मानिस आफ्नो र आफ्ना परिवारको जीविकोपार्जनमा लक्षित हुन पुग्दछ । मानवमा आयआर्जनका लागि केही नयाँ काम गर्नुपर्छ भनि नयाँनयाँ सोच र बिचारहरु पनि उब्जन थाल्दछन् । शुरुवातको अवस्थामा सामान्य बचतबाट शुरुवात गरेको एउटा सानो कार्यक्रमले भविष्यमा एक व्यक्ति वा समुदायको हकमा धेरै राम्रो अवसर प्रदान गरी व्यक्ति  वा समुदायकै मुहार फेर्न सफल भएको थुप्रै घटनाहरु हामीले देखेका र सुनेका पनि छौं । "थोपा-थोपा मिली समुन्द्र बन्दछ" भनेझै सानो रकमको जोहोले शुरुवात गरी सामान्य जीविका चलाउनका लागि गरिने कार्यक्रमहरु जस्तैः बाख्रा, बंगुर, कुखुरापालन, चिया, नास्ता, किराना, श्रृङ्गार पसल, सिलाई, बुनाई तथा कटाई पसल, या यस्तै यस्तै कामबाट जीविकोपार्जनलाई टेवा पुगोस् भनि समुदायस्तरबाट शुरु गरिएका परियोजनाहरुले सिङ्गो समाजलाई प्रेरणादायी भूमिका बहन गरेको पनि हामीले प्रत्यक्ष महशुस गरेका छौं । यस्तै यस्तै सेरोफेरोमा रहेर सहमतिमा पनि धेरैजसो कार्यक्रमहरु लघुवित्त र जीविकोपार्जनसँग सम्बन्धित छन् । जुन कार्यक्रमहरुले कुनै एक वर्ग, समुदाय र सिङ्गो समाजको जीविकोपार्जनमा अत्यन्त सकारात्मक परिवर्तन पारेको पाइएको छ । जुन प्रभावले समाज गुणात्मक जीवनशैलीतर्फ उन्मुख भइरहेको छ । जुन कुरा सहमतिका लागि एक सफलताको कसि र सिकाई हो भने विपन्न वर्ग र समुदायका लागि सुनौलो र स्वाभिमान बन्ने अवसर पनि हो । ◆◆◆

# ग्रामीण युवा विकासमा लघुवित्त संस्थाको भूमिका

✍ रविन्द्रनाथ अधिकारी
कार्यक्रम व्यवस्थापक
ग्रामीण युवा विकास कार्यक्रम, सहमति

लघुवित्त शब्द आफैले सानो तर चलायमान पूँजीलाई इङ्गित गर्न खोजेको देखिन्छ । वास्तवमा साना-साना पूँजीहरुलाई संकलन गरी आफ्ना सदस्यहरुको प्रगतिका लागि गरिने लगानी अनि होस्टेमा हैंसे गर्दै समूह/संस्थामा आवद्ध भई आफ्ना समस्याहरुलाई सरल रुपमा सुल्झाउन सकिन्छ भन्ने मान्यताले सृजना गरेको सामुदायिक विकासको अवधारणा हो लघुवित्त । यसै अवधारणाबाट सञ्चालित छन् लघुवित्तीय संस्थाहरु जुन एउटा सफल सामुदायिक विकासका कार्यक्रम बनेका छन् यसबेला । यो आफैमा एउटा स्वावलम्वन विकासको पाटो हो । नेपालको ग्रामीण भेग तथा शहरी क्षेत्र दुवैमा यसको भरपुर अभ्यासहरु भइरहेका छन् । मुख्यतः ग्रामीण क्षेत्रको उच्च, मध्य तथा निम्न परिवार र शहरी क्षेत्रका साना व्यापार, व्यवसाय, दैनिक ज्यालादारी गर्ने निम्न आय भएका करिव ४० लाख नेपालीहरु अरबौ रुपैयाँ संकलन र लगानी गर्न सफल भएका छन् । यसले हजारौं नेपालीहरुको जीविकोपार्जन सुधार र विकासको शुभ संकेतलाई जन्माई दिएको छ ।

सहमति तथा आबु-इन्टरनेशनल, जर्मनीबीचको साझेदारीमा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रमले पनि यस किसिमको विकास अवधारणालाई आत्मसात गर्दै आएको छ । यो कार्यक्रम नवलपरासीको ४ वटा गाउँ विकास समितिहरु डाँडाझेरी, कोटथर, रतनपुर, गैंडाकोटमा सन् २००८ को जनवरीदेखि सञ्चालनमा आएको छ । ग्रामीण युवाहरुको जीविकोपार्जनमा सुधार ल्याउने प्रमुख लक्ष्य बोकेको यस कार्यक्रमले कार्यक्षेत्रका लघुवित्त संस्थाहरु, सामाजिक संस्थाहरु, युवा तथा महिलाहरुको क्षमता अभिवृद्धि मार्फत जीविकोपार्जनमा सुधार गर्ने योजना सहित आफ्ना कार्यक्रमहरु सञ्चालन गरेको छ । यसका अलवा युवाहरुको सूचनामा पहुँच वृद्धि गर्नु, थप आयआर्जनको अवसरहरु सृजना गरी स्थानीयस्तरमा स्वरोजगारको वातावरण तयार गर्नु र युवाहरुको असुरक्षित बसाइँसराइलाई तथा बैदेशिक रोजगारलाई सु-सुचित र ऐच्छिक बसाईसराईमा रुपान्तरण गर्नु कार्यक्रमका थप उद्देश्यहरु रहेका छन् । यस कार्यक्रमले सामाजिक तथा आर्थिक विकासका मुद्दाहरुलाई क्रमशः सामाजिक संस्था र सहकारी मार्फत सम्बोधन गर्ने गरेको छ । ग्रामीण युवा तथा समुदायको विभिन्न आवश्यकताहरु जस्तैः सेवा, वस्तु र स्रोतहरु सहज तथा व्यवस्थित रुपमा उपलव्ध गराउन राज्यका स्थानीय निकायहरु, समुदायमा रहेका सामाजिक तथा आर्थिक कारोवार गर्ने संस्थाहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ किनकी समुदायको जति धेरै आवश्यकताहरु सम्बोधन गर्न सकिन्छ उति नै प्रभावकारी रुपमा जीविकोपार्जनमा सुधार गर्न सकिन्छ । तसर्थ लघुवित्तीय संस्थाहरुको भूमिका स्थानीय समुदायको जीविकोपार्जनमा सुधार गर्न महत्वपूर्ण रहने गरेको छ ।

युवा तथा समुदायमा ज्ञान, सीप र क्षमताले उनीहरुको जीविकोपार्जनको स्तरलाई निर्धारण गर्ने हुँदा यस कार्यक्रमले पनि युवाहरुको ज्ञान, सीप र क्षमतालाई अभिवृद्धि गर्दै लगिरहेको छ । यस



कार्यक्रमले युवाहरुलाई कृषिजन्य तथा गैरकृषि तालिम मार्फत सीप र क्षमतालाई विकास गर्दै लगेको छ । सामाजिक संस्थामार्फत स्थानीय रुपमा युवाहरुको परिचालन तथा साना व्यवसाय सञ्चालनका लागि उपयुक्त सामाजिक वातावरण तयार गरिदै लगेको छ भने सहकारी मार्फत साना-साना व्यवसायलाई लगानी गर्ने वातावरण तयार भएको छ । हाल दर्जनौ युवाहरु स-साना व्यवसायहरु सञ्चालन गरिराखेका छन् । ति युवाहरुको जीविकोपार्जनमा उल्लेखनीय सुधारहरु आउनुका साथै युवाहरु सहकारी तथा सामाजिक संस्थाहरुमा संलग्न रही आफू जस्तै अन्य सदस्यहरुको विकासमा विभिन्न रचनात्मक कार्यहरु गर्दै आइरहेका छन् । यसले कार्यक्षेत्रमा अत्यन्तै सकारात्मक सन्देश प्रवाह गरिराखेको छ ।

हिजो गाउँमै केही अवसरहरु नदेखेर विदेशिएका युवाहरु आज आफ्नै गाउँलाई कर्मथलो बनाई व्यवसाय सञ्चालन गरी राखेका छन् र ति व्यवसायले राम्रो सफलता प्राप्त गरी उनीहरु राम्रो जीवनस्तर जीउन पाएका छन् । यसले अन्य थुप्रै युवाहरुलाई गाउँघरमै केही गर्न सकिन्छ भन्ने उत्साह थपिदिएको छ । तसर्थ कार्यक्षेत्रका ति गाउँहरु भोली एउटा उन्नत गाउँका रुपमा चिनिन सकिने सम्भावनाहरुलाई बोकेर बसेका छन्, जस्तै-डाँडाझेरीको छरछरे, रामकोट, बरिमल, रतनपुरको रतनपुर, हुर्जिल, भतेरी, कोटथरको साठीमुरे, काफलडाँडा र गैंडाकोटको ढोडेनी क्षेत्र ।

यस कार्यक्रमको प्रभाव तथा त्यसले युवाहरुको जीविकोपार्जनमा पारेको असरहरुका बारेमा कार्यक्षेत्रका युवाहरुले **"युवा आवाज"** मार्फत निम्न अनुसारका बिचारहरु व्यक्त गरेका छन् ।

*"प्लाष्टिक पोखरी निर्माण पश्चात् हामी सम्पूर्ण गाउँबासीहरु झन् उत्साह र आँटका साथ तरकारी खेतीमा निरन्तर लागिरहेका छौं । यहि तरकारी खेतीबाटै सबै परिवारको जीविकोपार्जन भइरहेको छ ।"*

*चन्द्रबहादुर गुरुङ्, गैंडाकोट-३, कराँदीप, पूर्णाङ्क-४, पेज-६ ।*

*"मैले घरायसी रक्सी व्यापारको विकल्पको रुपमा समूहबाट ऋण निकालेर सानो किराना पसल खोलेकी छु । बाबु, नानीको पढाई र घर खर्च राम्रोसँग धानेकी छु ।"*

*-कमला पाण्डे, गैंडाकोट-३, हर्दि, पूर्णाङ्क-१, पेज-६ ।*

*"अहिले मेरो दिनको व्यापार १,२०० देखि १,५०० सम्म हुन्छ । विदेशको दुःख, पीडा भन्दा स्वदेशको मेहनतको फल मीठो भएको छ ।"*

*- लोकबहादुर थापा, ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता, ढोडेनी, पूर्णाङ्क-१, पेज-६ ।*

*"गाउँमा सुन्तलाको १५००-१६०० ठूलो बिरुवा र सानो बिरुवा २५०० सम्म रहेको छ । मैले गत वर्ष र यसवर्ष गरेर ५०० बिरुवा लगाएको छु ।"*

*-वेल बहादुर सिंजाली, स्थानीय स्रोत व्यक्ति, कोटथर-८, काफलडाँडा, पूर्णाङ्क-२, पेज-११ ।*

*"मैले अहिले अन्नमा होइन नगद लिएर सिलाउने गर्दछु ।"*

*-भुवन कुमार दर्नाल, कोटथर-४, ढाडवेसी, पूर्णाङ्क-३, पेज-९ ।*

*"सहकारी संस्थाको कारणले गर्दा कतिपय मानिसहरु साहुको चर्को ब्याजबाट मुक्त भएका छन् ।"*

*-धनमाया श्रेष्ठ, कोटथर-५, थामवेशी, पूर्णाङ्क-४, पेज-२ ।*

*"तरकारी खेतीबाट मैले बार्षिक ९० हजार कमाउन सफल भइरहेको छु । यसर्थ वेरोजगार युवाको उपनाम बोकेको मलाई व्यवसायिक युवाको पगेरी बोकाइदिएको छ तरकारी खेतीले ।"*

*-विरबहादुर साठीघरे, रतनपुर-७, पूर्णाङ्क-१, पेज-३ ।*

*"घर खर्चको लागि अन्नपानी जगेडा म आफ्नै कमाईबाट गर्न सक्छु । त्यसैले मेरो जीवनमा पहिलाभन्दा अहिले परिवर्तन आएको छ ।"*

*-बालकृष्ण दर्नाल, कोटथर-४, ढाडवेशी, पूर्णाङ्क-४, पेज-८ ।*

*"डाँडाझेरी जस्तो विकट गाविसमा त विकासको सम्भव भयो भने अन्यत्र गाविसहरुमा त असम्भव भन्ने कुरै छैन ।"*

*-रेखबहादुर पुलामी, अध्यक्ष-जनसेवा सामाजिक विकास केन्द्र, डाँडाझेरी-४, बरिमल, पूर्णाङ्क-४, पेज-९ ।*

यी युवाहरुका आवाजहरु प्रतिनिधिका पात्र मात्रै हुन् । यस कार्यक्रम मार्फत झण्डै ४७ जना गैरकृषिमा र १९२ जना कृषि क्षेत्रमा व्यवसायिक रुपमा काम गर्दै आएका छन् । यस परिस्थितिमा सहकारीहरु यस्ता व्यवसायीहरुको निकटतम सहयोगी भएर काम गर्दै आएका छन् । सहकारी संस्थाको भूमिका ऋण लगानी गरी उत्पादन वृद्धि गर्नु मात्रै नभएर बजार व्यवस्थापन गरी व्यवसायलाई दिगो रुपमा अगाडि बढाउन समेत सहयोगी भएको छ । हाल मेलमिलाप सहकारी गैंडाकोट-३ ढोडेनीले सन् २०१२ को डिसेम्वरदेखि ढोडेनी क्षेत्रमा साप्ताहिक हाटबजार व्यवस्थापन गर्न थालेको छ । त्यस्तै कोटथर स्थित देवचुली सहकारीले यही फाल्गुण १२ गतेदेखि कोटथरको थामवेसीमा अर्को हाटबजार व्यवस्थापन गर्ने भएको छ । तसर्थ, कार्यक्षेत्रका १९०६ घरधुरी मध्ये ८७% घरधुरीहरु जो सहकारीसँग आवद्ध रहेका छन्, उनीहरुको आर्थिक कठिनाइलाई सहज बनाउन मात्रै सहकारीको भूमिका नभई उनीहरुलाई सफल उद्यमी बनाउन समेत सहकारीको प्रयत्न रहेको हुँदा सहकारीले ति घरधुरीहरुको आयआर्जन वृद्धि गर्दै उनीहरु जीविकोपार्जनलाई दिगो रुपमा विकास गर्ने सहयोगी सावित भएका छन् ।

निसन्देह रुपमा एउटा सहकारी संस्था जो आफ्नो सिद्धान्त, मूल्य, मान्यतालाई कायम गरी आफ्ना शेयर सदस्यहरुको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि कार्यरत छन् । ति संस्थाहरुले आफ्ना सदस्यहरुको जीविकोपार्जनको स्तर उन्नतिका लागि अहम् भूमिका निर्वाह गरि राखेका हुन्छन् । सहकारी संस्थाभित्रका समस्याहरुलाई उनीहरुको सिद्धान्त, मूल्य, मान्यताका आधारमा परिस्कृत गर्दै जान सकियो भने सहकारीहरुको दिगो विकास हुनेछ र यसले ग्रामीण तथा शहरी क्षेत्रका विपन्न, सीमान्तकृत परिवारहरुलाई विकासको मूल प्रवाहमा ल्याउन सफल हुने देखिन्छ र ग्रामीण युवा विकास कार्यक्रमको लघुवित्त क्षेत्रसँगको सिकाई पनि यही रहेको छ ।

◆◆◆

# सहकारी सञ्चालनका लागि अन्तर्राष्ट्रिय सात सिद्धातहरु

सहकारी ऐनको दफा ३ मा सहकारी सिद्धान्त भन्ने शब्दहरुको प्रयोग गरिएको छ । यद्यपी सहकारी सिद्धान्तको परिभाषा गरिएको छैन । तसर्थ सहकारी सिद्धान्तहरुको आधिकारक जानकारी अन्तराष्ट्रिय सहकारी महासंघ (ICA) को सन् १९९५ को सेप्टेम्बरमा सम्पन्न महासभाबाट व्याख्या गरिएका सहकारी सिद्धान्तहरु निम्न बमोजिम उल्लेख गरिएको छ ।

**१) स्वेच्छिक तथा खुल्ला सदस्यता :**

सहकारी एक स्वैच्छिक संगठन हो । सहकारीबाट प्राप्त हुने सेवा, सुविधाहरु उपभोग गर्न र सदस्यताको उत्तरदायित्व बहन गर्न स्वीकार गर्नेहरुका लागि लिङ्ग, जाति, सामाजिक, जातीय, राजनैतिक वा धार्मिक भेदभाव बिना यसको सदस्यता खुल्ला रहेको हुन्छ ।

**२) सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण :**

सहकारी सदस्यहरुद्वारा नियन्त्रित प्रजातान्त्रिक संस्था हो । यसका सदस्यहरु संस्थाको नीति निर्धारण र निर्णाय गर्न सक्रिय रुपमा सहभागि हुन्छन् । प्रारम्भिक सहकारी संस्थाका सदस्यहरु एक सदस्य एक मतको आधारमा संस्थाको नीति निर्धारण र निर्णयमा सहभागि रहन्छन् । जति सुकै शेयर खरिद गरेको भए पनि सदस्यहरुका बिचमा समान मताअधिकार ( एक व्यक्ति एक मत) रहेको हुन्छ ।

**३) सदस्यहरुद्वारा आर्थिक सहभागिता :**

सहकारीको पूँजि उपर यसका सदस्यहरुको न्यायिक अथवा सहभागिता र प्रजातान्त्रिक नियन्त्रण रहेको हुन्छ । किन भने उक्त पूँजीको केही भाग सदस्यहरुकै साझा सम्पत्ति हुन्छ । सहकारीमा केही बचत भए सदस्यहरुले शेयर सदस्यता वापत सीमित रुपमा लाभांश प्राप्त गर्दछन् । सदस्यहरुले बचतलाई बिशेष गरी सहकारी विकासका लागि सञ्चित कोष स्थापना गरेर त्यसको निश्चित अंश अविभाज्य हुन्छ ।

**४) स्वायत्तता र स्वतन्त्रता :**

सहकारी स्वायत्तता, स्वाबलम्वी र सदस्यहरुद्वारा नियन्त्रित संगठन हो । उनीहरुले सरकार तथा अन्य निकायसित कुनै सम्झौता गर्नु पर्दा वा बाह्य श्रोतबाट पूँजी जुटाउनु पर्दा अफ्ना सदस्यहरुको हुने प्रजातान्त्रिक नियन्त्रण र स्वायत्ततामा आँच नआउने शर्तमा गर्दछन् ।

**५) शिक्षा, तालिम र सूचना :**

सहकारीले आफ्ना सदस्य, निर्वाचित प्रतिनिधि र कर्मचारीलाई सहकारी शिक्षा तथा तालिम प्रदान गर्दछ । यसले गर्दा उनीहरुले सहकारीको विकासका निमित्त प्रभावकारी योगदान पुर्‍याउन सक्षम हुन्छन् । त्यस्तै शिक्षा र तालिमले सर्वसाधारण जनता विशेष गरी तरुण पुस्ता र बैचारिक नेताहरुलाई सहकारीको प्रकृति तथा लाभबारे सुसूचित गर्न मद्दत पुर्‍याउँदछ ।

**६) सहकारी बीच पारस्परिक सहयोग :**

सहकारीले आफ्ना सदस्यहरुलाई प्रभावकारी तबरले सेवाहरु उपलव्ध गराउँदछन् । सहकारी आन्दोलनको सुदृढीकरणका लागि स्थानीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय सहकारीताको माध्यमद्वारा परस्पर मिलेर काम गर्दछन् । सदस्यहरु र समुदायहरुको हित गर्न सहकारीहरुले स्थानीय, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय तहमा सहयोग गर्नुपर्छ ।

**७) समुदायप्रति चासो :**

सदस्यहरुद्वारा निर्धारण गरिएका नीतिहरुकै आधारमा समुदायको हित र दिगो विकासका लागि काम गर्नु सहकारीहरुको जिम्मेवारी भित्रै पर्दछ । जस्तै :-समाजको विकास गर्न, स्कूल, स्वास्थ्य केन्द्र, बाटो घाटो निर्माण गर्न, जनसंख्या, सरसफाई, संस्कृतिको सम्वर्द्धन गर्न सहकारी एक उपयुक्त माध्यम हो । ◆◆◆

# ग्रामीण जीविकोपार्जन सुधारमा लघुवित्त संस्थाको योगदान

✍ सुन्दर बाबु बानियाँ
कार्यक्रम संयोजक, समुन्नति कार्यक्रम, सहमति

ग्रामीण स्वावलम्बन प्रयासहरुको प्रवर्द्धन (समुन्नति) कार्यक्रम सन् २००५ मार्चदेखि सहमति गैंडाकोट तथा अक्सफाम हङ्कङ् बीचको साझेदारीमा नवलपरासीका २ वटा गाविसबाट शुरुवात भएको हो । यो कार्यक्रमले आरम्भदेखि नै ग्रामीण लक्षित समुदायको दिगो जीविकोपार्जनलाई केन्द्रित गरेर कार्यक्रम/क्रियाकलापहरु सञ्चालन गर्दै आएको छ । हाल पछिल्लो समयमा यस कार्यक्रमले नवलपरासी जिल्लाका ७ वटा दुर्गम पहाडी गाविसको जीविकोपार्जन सुधारका लागि काम गर्दै आएको छ । यसैगरी शुरुवाती गाविसका सिकाइहरुलाई नयाँ कार्यक्षेत्रमा स्थानान्तरण गर्ने प्रयास पनि कार्यक्रमले गरेको छ ।

समुन्नति कार्यक्रमले र खासगरी कार्यान्वयन टिमले जीविकोपार्जन शब्दको मर्मलाई यथार्थपरक ढङ्गले बुझ्नु जरुरी हुन्छ । यसर्थ यस कार्यक्रममा जीविकोपार्जनको मर्म र भावनालाई यसरी बुझिएको थियो । एउटा लक्षित परिवार/आफ्नो जीवन निर्वाहका लागि विभिन्न खालका वस्तु वा सेवाको आवश्यकता पूर्ति गर्न प्रयत्नरत रहन्छ । ति आवश्यकता पूर्ति गर्ने महत्वकांक्षा मात्र होइन । आवश्यकताको मात्रा वा परिमाण अनुसार विभिन्न स्रोत मार्फत आयको सृजना गर्ने प्रयत्न पनि गरेको हुन्छ । यी दुवै खाले प्रयत्नको संयुक्त अवस्था भनेको नै जीविकोपार्जन हो । हरेक व्यक्ति, परिवार र समुदायमा उपलव्ध स्रोत, ज्ञान, सीप र धारणाको स्तरले जीविकोपार्जनको स्तरलाई निर्धारण गर्छ । स्रोत, ज्ञान, सीप र धारणाको उपयुक्त परिचालनले नै समय सापेक्ष रुपमा आवश्यकताको सृजना र सो अनुरुप पूर्ति गर्ने क्षमता बढाउँछ । यसको अर्थ हो एउटा परिवार कुनै समयमा जुन आवश्यकता र त्यसको पूर्तिसँग सन्तुष्ट रहन्छ त्यो समय परिवर्तनसँगै सन्तुष्टी रही रहँदैन र अर्को खालको गुणस्तरीय वस्तु वा सेवाको आवश्यकतातर्फ अग्रसर रही रहन्छ । यसलाई नै समुन्नति कार्यक्रमले गुणस्तरीय जीवनयापन वा Quality of life को संज्ञा दिदै आएको छ ।

समुन्नति कार्यक्रमले ग्रामीण समुदायमा जीविकोपार्जनस्तर सुधारको लागि कार्य गरेको ८ वर्ष पूरा गरी सक्दासम्म सिकेको महत्वपूर्ण सिकाइ र उपलब्धि भनेको ग्रामीण जीविकोपार्जन सुधारमा लघुवित्त संस्था प्रवर्द्धनको अहम् योगदान रहन्छ भन्ने पनि हो । यसका केही महत्वपूर्ण आधारहरु रहेका छन् । जस्तै एउटा परिवार माथि भने जस्तै जीविकोपार्जनको मर्म भनेको जुन संयुक्त अवस्था हो, आय वृद्धि गर्दै जाने र समय सापेक्ष रुपमा सृजना हुने वस्तु वा सेवाको माग पूरा गर्ने त्यसको लागि लघुवित्त संस्था एउटा महत्वपूर्ण जडिबुटी सावित भएको छ । ग्रामीण क्षेत्रमा आयका स्रोतहरु अनिश्चित र अनियमित पनि हुने गर्दछन् । यस प्रकारको परिस्थितिमा आय भएको समयमा सहज र स्वतस्फूर्त रुपमा समयमा रकम संकलन गर्ने अवसर सृजना हुन्छ भने अर्कोतर्फ उत्पादन वृद्धिका लागि चाहेको समयमा विना झन्झट ऋणको अवसर बारे पूर्व सचेतना रही रहन्छ । जसले ऋणको सदुपयोगलाई पूर्ण मद्दत गर्छ ।



यस बाहेक ग्रामीण लघुवित्त संस्था स्वायत्तता र स्वतन्त्रताको सिद्धान्तमा आधारित भएकोले स्थानीय परिवेश अनुसार नीति नियमावली निर्माण र परिमार्जन गर्न सक्छ । जसले गर्दा सदस्यहरुको हितलाई सधैं मध्यनजर गरी रहेको हुन्छ ।

*नवलपरासी जिल्लाको पहाडी गाविस जौवारी-८ भदौरीमा २०५९/०६० सालमा जौवारी बहुउद्देश्यीय सहकारी संस्था लि.को स्थापना भएको थियो । स्थापना भएपछि २०६५ सम्म यसको न त कुनै सदस्य संख्याको आकार बढ्यो न त कारोवारको परिमाण नै । २०६५-०६६ देखि उक्त सहकारी संस्थासँग समुन्नति कार्यक्रमको सहकार्य प्रारम्भ भयो । शुरुको वर्ष सदस्य संख्या वृद्धि गर्न कठीन भयो । उक्त सहकारीको गतिशिलता प्रति नयाँ सदस्यको विश्वासको संकट थियो । विभिन्न समूहस्तरमा सहकारीको मर्म र महत्व बारे शिक्षामूलक कार्यक्रम सम्पन्न भए । समुन्नति कार्यक्रम चौथो वर्षमा चलिरहँदा यस सहकारीमा गाविस भरका ३१ वटा महिला तथा पुरुषका समूहहरु समूहगत रुपमा नै सहकारीमा आवद्ध भए । हाल उक्त सहकारीमा पुरुष १३३ र महिला ४८३ गरी जम्मा ६१६ जना शेयर सदस्य पुगेका छन् । गाविसमा ९० प्रतिशत घरधुरी सहकारीमा जोडिएका छन् । हाल उक्त सहकारीको कारोवार ३० लाख पुगेको छ । कुनैपनि लघुवित्त संस्थामा कारोवार र अन्य संख्यात्मक आकार वृद्धि महत्वपूर्ण हुँदैन । वरु ति संख्यात्मक आकार वृद्धि सँगै जो जो सदस्यहरु हुन उनीहरुको पारिवारीक जीविकोपार्जन कुन स्तरले बढेको छ त्यो महत्वपूर्ण कुरा हो । त्यसैले यस जौवारी बहुउद्देश्यीय सहकारी संस्था लि.ले संख्यात्मक आकारसँगसँगै आफ्ना सदस्यहरुलाई गुणस्तरीय जीवनतर्फ उन्मुख गराउन महत्वपूर्ण योगदान गरेको छ । जस्तै १,२ वर्ष अधिसम्म सहकारी संस्थामा नेतृत्व तहमा पूरै पुरुषहरुको वर्चस्व थियो भने हाल पूरै मुख्य पदमा महिलाहरुले काम गर्न थालेका छन् । यसको अर्थ हो आर्थिक स्रोतमा महिलाहरुको पहुँच बढेसँगै उनीहरुको सशक्तिकरणमा पनि टेवा पुगेको एकिन गर्न सकिन्छ । यसैगरी सहकारीमा संलग्न भइसकेपछि १५० जना महिला तथा पुरुष सदस्यहरु कृषि तथा गैरकृषि क्षेत्रको व्यवसायमा स्थापित भइसकेका छन् । जसले गर्दा उनीहरुको पारिवारिक स्तरमा पाउने सेवा र वस्तुको स्तरीयता पनि बढेको छ ।*

यी नै तथ्यहरुलाई विश्लेषण गर्दा सहज रुपमा निष्कर्षमा पुग्न कठीन हुँदैनकी एउटा ग्रामीण क्षेत्रमा स्थापना हुने सहकारी संस्था जसले स्थानीय यथार्थलाई बुझेर सहकारीको मूल्य र सिद्धान्तलाई आत्मसाथ गर्दछ भने यस्तो क्षेत्रमा आफ्नो सदस्यहरुको जीविकोपार्जन स्तर सुधार गर्न ठोस योगदान पुग्दछ । एउटा बहुउद्देश्यीय सहकारी संस्थाले जौवारी गाविसमा हरेक सदस्य घर परिवारमा जुन खालको वित्तिय र समाजिक सम्बन्ध जोड्न पुगेको छ । यो सिकाईलाई अन्यत्र पनि अनुशरण गर्न सान्दर्भिक नै हुन्छ । ◆◆◆

# समुदायमा सहमति र सफलताका संभावनाहरु

✍ खिला घले
कार्यक्रम संयोजक,
स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरु प्रवर्द्धन कार्यक्रम, वाग्लुङ्ग/म्याग्दी

बाँच्न पाउने अधिकार सबैको एउटै हो, फरक केवल बाँच्ने शैली र जीविकोपार्जनका पाटाहरु मात्र हुन् । सहर बजारको तुलनामा ग्रामीण क्षेत्रका बासिन्दाहरु अनेकन समस्या र अभावमा जीवनयापन गरिरहेको यथार्थ जगजाहेरै छ । तसर्थ विकास र सेवाका कार्यक्रमहरु गाउँ केन्द्रित हुनु अस्वाभाविक होइन । लघुवित्त क्षेत्रमा काम गरेको लामो अनुभव र सिकाईलाई सँगाल्दै विशुद्ध सेवाको भावनाले सहमतिले बाग्लुङ र म्याग्दी जिल्लाका ग्रामीण क्षेत्रहरुलाई कार्यक्षेत्र बनाएको हो ।

बाग्लुङ र म्याग्दी जिल्लाका दलित तथा अपाङ्गता भएका परिवारलाई समूह र सहकारीमा आवद्ध गराई वित्तीय सेवामा पहुँच वृद्धि गरी दिगो आयश्रोतको विकासमा सहयोग गर्ने उद्देश्यकासाथ डिसेम्बर २०११ बाट सहमति र प्लान नेपाल बीचको साझेदारीमा **"स्वाबलम्बी समूहहरु तथा महिला सहकारी प्रबर्द्धन कार्यक्रम"** सुरु भएको हो । शुरुवातमा बाग्लुङ्गमा ११ र म्याग्दीमा ७ गरी जम्मा १८ गा.वि.स.हरुमा सञ्चालन भएको यस कार्यक्रमको सुरुवातको अवस्थामा केही समस्या र अप्ठ्याराहरुको सामना गर्नु परे पनि तिनै समस्याहरुबीच अवसर पहिचान गर्ने प्रयासले काम गर्नलाई प्रशस्त मार्ग खुलेको छ भने हाल किशोरी शक्ति परियोजना अन्तर्गत यस कार्यक्रमको कार्यक्षेत्र म्याग्दी जिल्लामा २० गा.वि.स. थप भएका छन् । महिला समूह र सहकारीका सदस्यहरुलाई सचेतीकरण र क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम, गोष्ठीको अवसर प्रदान गर्दै कार्यक्रम अगाडि बढिरहेको छ । विकासको प्रमुख पाटो नै आयश्रोत भएकोले आयआर्जनका लागि जीविकोपार्जन सम्बन्धी विभिन्न क्रियाकलापहरुमा महिलाहरुको सहभागिता उल्लेखनीय छ । साथसाथै परिवारका सदस्यहरुबाट पाएको सहयोगले आयआर्जनमा थप मद्दत पुगेको छ । जीविकोपार्जनका लागि मुख्यत: कृषि पेसामा संलग्न महिलाहरुलाई कार्यक्रमबाट प्रदान गरिने आर्थिक तथा प्राविधिक सहयोगले आयआर्जनमा सहज र परिणाममुखी बनाएको छ । कतिपय ठाउँमा प्रयोगविहीन बारीका कान्लाहरुमा करेसाबारीको थालनीले गर्दा तरकारी किनेर खानुपर्ने बाध्यता टरेको मात्र छैन बरु समूह र सहकारीमा बचत गर्न सहयोग पुगेको छ । तरकारी उत्पादन, कुखुरा पालन, बाख्रापालन जस्ता क्रियाकलापहरुमा संलग्न भएर आम्दानी बढाइरहेका महिलाहरुलाई देखेर छिमेकीहरु पनि त्यस्ता क्रियाकलापमा हौसिएका छन् । परम्परागत कृषि प्रणालीमा अभ्यस्त किसानहरु अझ भनौं धान, मकै, कोदो जस्ता बाली मात्र लगाउने बानीमा परिवर्तन गरेर मौसमी तथा बेमौसमी तरकारी उत्पादनमा सक्रिय बनाउन सक्ने प्रशस्त संभावनाहरु छन् । आयश्रोत बृद्धि गर्न जीविकोपार्जन सम्बन्धी क्रियाकलाप सञ्चालनका लागि समूह र सहकारीबाट ऋण लिन सकिने सुविधाले अझ सजिलो भएको छ समूहका सदस्यहरुलाई ।



कार्यक्रमबाट समूह र सहकारीलाई ऋण प्रदान नगरिने बरु सेवा प्रदान गरिने भएकोले सदस्यहरु बचत गर्न उत्साहित छन् । आफ्नै बचत आफ्नै लगानी, नाफा घाटा आफैंलाई । अरुलाई ब्याज तिर्नु परेन भनी बचतदर बढाइरहेका छन् सदस्यहरु । आगामी दिनमा कृषि मात्र नभई गैरकृषि क्रियाकलापहरुमा पनि संलग्न भएर आयआर्जन बढाउन त्यत्तिकै उत्साहित छन् महिला सदस्यहरु । तसर्थ, लघुवित्त र जीविकोपार्जन सम्बन्धी उल्लेखित क्रियाकलापहरुले बाग्लुङ्ग र म्याग्दीका ग्रामीण क्षेत्रका महिलाहरुको जीवनमा उल्लेखनीय सुधारात्मक परिवर्तन आउने अपेक्षा गर्न सकिन्छ ।

कार्यक्रम सञ्चालनको छोटो अवधिमा पनि समुदायको सहयोग, साझेदार संस्थाको निरन्तर सहयोग र सुझाव, सरोकारवाला निकायसँगको समन्वय, सहमति कार्य समितिबाट भइरहेको नियमित छलफल र सुझाव एवम् कर्मचारीहरुको अथक प्रयासले १ वर्षमा नै निम्न बमोजिम उपलब्धीहरु हाँसिल भएका छन् :

- *३५९ वटा स्वावलम्बी महिला समूहहरु गठन तथा ७,४६९ जना महिलाहरु समूहमा आवद्ध साथै रु. १९,१८,७५४/- बचत संकलन ।*
- *७ गा.वि.स.हरुमा ९० प्रतिशत भन्दा बढी दलित घरधुरी समूहमा आवद्ध ।*
- *४ गा.वि.स.हरुमा ९० प्रतिशतभन्दा बढी अपाङ्गता भएका परिवार समूहमा आवद्ध ।*
- *१८ वटा महिला सहकारी प्रबर्द्धन तथा रु. ३४,७२,०१५/- बचत संकलन ।*
- *४० जना भन्दा बढी स्वाबलम्बी महिला समूहका सदस्यहरुले रु. ४,०००/- देखि १०,०००/-सम्म आम्दानी गर्न सफल ।*
- *चन्द्रा थापा (अपाङ्गता भएको परिवारका सदस्य) ले कुखुरा पालन गरी एकै लटमा रु. ५३,०००/- आम्दानी गर्न सफल ।*
- *मनकुमारी नेपाली (समूह सदस्य) ले तरकारी उत्पादन गरी रु. १०,०००/- र कुखुरा पालनबाट रु. ३५,०००/- कमाउन सफल ।*

छोटो अवधिमा नै कार्यक्रमले हाँसिल गरेका उपलब्धीहरु, समुदायको कार्यक्रमप्रति अपनत्व, सरोकारवाला निकायहरुसँगको

समन्वय र प्राप्त सहयोगले साँच्चिकै कार्यक्रमको दिगोपन र सफलताको संभावनालाई नकार्न सकिन्न । आगामी दिनमा कार्यक्रमलाई अझ प्रभावकारी र सहज रुपमा सञ्चालन गर्न यसले प्रशस्त मार्ग खोलेको छ ।

कार्यक्रमबारे लाभान्वित परिवार र समूहबाट सकारात्मक प्रतिक्रिया र प्रशंसा आउनु त स्वभाविक नै हो । यसको अलावा, कार्यक्रमबारे सरोकारवाला र पर्यवेक्षकको भनाईले काममा थप हौसला र उर्जा मिलेको छ जुन निम्नानुसार छन् :

*"महिलाहरुका लागि यसरी पर्याप्त तालिम, गोष्ठीको अवसर र आय आर्जनका लागि तरकारी उत्पादनमा सहयोग नरेठाँटी गा.वि.स.मा पहिलो हो जुन सहमतिले गरिरहेको छ । र कर्मचारीहरु फिल्डमा नै बसेर महिला दिदीबहिनीहरुसँग काम गरिरहेका छन् जुन साँच्चिकै कार्यक्रमको बलियो पक्ष हो ।"*

बुद्धबहादुर बस्नेत
*सचिव, गा.वि.स.नरेठाँटी, बागलुङ्ग*

*"कार्यक्रमले गति लिएको छ । करेसाबारी सहयोग प्रशंसनीय छ । किसानहरुलाई प्लाष्टिक घर सहयोगले गुणात्मक र उल्लेखनीय परिवर्तन ल्याएको छ । समुदायमा कार्यक्रम देखिन थालेको छ ।"*

वेद प्रकाश पौडेल
*वरिष्ठ वागवानी अधिकृत, जिल्ला कृषि विकास कार्यालय, म्याग्दी*

*"महिला दिदीबहिनीहरु घरायसी काममा व्यस्त हुँदाहुँदै पनि सहकारीको बारेमा जान्न र बुझ्न ईच्छुक हुनुहुन्छ । महिलाहरुसँग सहकारीको क्षेत्रमा काम गर्न सहमतिलाई ठूलो अवसर छ ।"*

पार्वती राना
*सहकारी अभियानकर्ता एवं अध्यक्ष, ग्रामीण महिला सेवा केन्द्र, मकवानपुर*

◆◆◆

## हार्दिक बधाई

सहमति ग्रामीण युवा विकास कार्यक्रममा सामुदायिक सहजकर्ताको रुपमा कार्यरत **श्री कमल रिजाल** ज्यू २०६९ मसिर ३० गते प्रणयसूत्रमा बाँधिनु भएकोमा उहाँको दाम्पत्य जीवनको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

त्यस्तै अमिलो जातका फलफूलहरुको बजार प्रवर्द्धन परियोजनाको कार्यक्रम संयोजक **श्री संगीता तिवारी** ज्यू २०६९ मसिर ३० गते प्रणयसूत्रमा बाँधिनु भएकोमा उहाँको दाम्पत्य जीवनको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**सहमति परिवार**

## कृषि पेशामा निरन्तर लाग्ने छु

*नरेठाँटी-५ (एक्लेखर्क), बागलुङ निवासी मनकुमारी नेपाली एक मेहनति र लगनशील महिला हुन् । विवाह पश्चात् श्रीमानको सहयोग नपाए पनि छोराछोरीसहितको आफ्नो परिवारमा उनैले अभिभाकत्वको जिम्मेबारी बहन गरिरहेकी छिन् । उनको जीवनमा न त कुनै नैराश्यता छ न आलस्यता नै । गत चैत २०६८ देखि सिद्धथान स्वाबलम्बी महिला समूहको अध्यक्षको जिम्मेबारी पनि उनको काँधमा थपिएको छ । र आफ्नो समूहलाई सक्रिय बनाउन र अगाडि बढाउन हरतरह लागिरहेकी छिन् । संस्थाद्वारा सञ्चालित कार्यक्रम अन्तर्गत तरकारी उत्पादन तालिममा सहभागी भएपछि भने उनलाई तरकारी उत्पादनको लागि थप उत्साह र ज्ञान एवम् सिप प्राप्त भएको छ र भन्छिन् **"अब म कृषि पेशामा निरन्तर***



***लाग्ने छु । यसबाट आफूलाई ताजा ताजा तरकारी खान पनि पाइने र बेचेर आम्दानी पनि हुने ।"** उनी गर्मी याममा काँक्रा, घिरौला, फर्सी आदि तरकारी र जाडोमा बन्दा, काउली, मूला, साग उत्पादन गरी आम्दानी लिइरहेकी छिन् । यसरी तरकारी उत्पादन गर्न थालेको सुरुको अवस्थामा नै रु. १०,०००/- आम्दानी गरेको कुरा सहर्ष सुनाउँछिन् । भखैरै मात्र प्याजको बेर्ना बेचेर रु. ७,५००/- आम्दानी गरेको कुरा पनि सुनाइन् । त्यतिमात्र कहाँ हो र, कुखुरा पालनलाई पनि सँगसँगै लाने योजना अनुसार एक लटमा रु. ३५,०००/- आम्दानी गर्न सकेकोमा झन् हौसिएकी छिन् मनकुमारी । यसरी प्राप्त आम्दानीले छोराछोरीको पढाइमा सहयोग हुने , बचत गर्न सकिने र घरायसी आवश्यकता परिपूर्तिका लागि सहयोग मिलेकोमा प्रशन्न छिन् उनी र सहमति र प्लान नेपाललाई धन्यवाद दिन्छिन् । भन्छिन् **"हामी जस्ता महिलाहरुलाई अगाडि बढाउने कार्यक्रम हो यो र यसबाट हामीले हाम्रो जीवनलाई अगाडि बढाउनु पर्छ । म जस्ता अरु थुप्रै महिला दिदीबहिनीहरुलाई यो कार्यक्रमले सहयोग पुऱ्याउन सकोस् ।"*** ◆◆◆

# तथ्याङ्कमा सहमति

| क्र. सं | कार्यक्रमको नाम | साझेदार संस्था | कार्यक्षेत्र | | लाभान्वित घरधुरी | लाभान्वित संख्या | | | | | | कर्मचारी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जातियताको आधारमा | | | | लिङ्ग र बर्षको आधारमा | | | |
| | | | कार्यरत जिल्ला | कार्यक्रमले समेटेको गाविस | | दलित | जनजाति | अन्य | जम्मा | महिला | युवा | महिला | पुरुष |
| **क. साझेदारी कार्यक्रम** | | | | | | | | | | | | | |
| १ | समुन्नति कार्यकम | अक्सफाम हङ्कङ्ग | नवलपरासी कपिलवस्तु | नवलपरासी-७ कपिलवस्तु-१ | ३७८० | ५४० | ३७१५ | ६२० | ४८७५ | ४,४०० | | ५ | ५ |
| २ | ग्रामीण युवा विकास कार्यकम | आबु इन्टरनेशनल | नवलपरासी | पहाडि भेगका ४ गा.वि.स. | १९०६ | ७५० | १११५२ | ६७० | १२५७२ | ४९९८ | ५७८६ | ७ | ८ |
| ३ | लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम | प्लान नेपाल | सिन्धुली | २० गा.वि.स. | १२३७९ | १८३७ | ९००२ | ५१०४ | १५९४३ | १५९४३ | ३८१७ | ८ | ५ |
| ४ | लोकतन्त्र मजवुत बनाऔं कार्यक्रम | एक्सन एड नेपाल | नवलपरासी | ४ गाबिस | ४७४७ | २,६३६ | १७,७७१ | ६,११६ | २६,५२३ | १२,१०० | - | १४ | २ |
| ५ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | जिविस नवलपरासी | नवलपरासी | ७ गा.वि.स. | १६,३८२ | ९७८७ | ३६,०३० | ४६,०३७ | ९१,८५४ | ४६,२०८ | - | ५ | २ |
| ६ | वेल्ट वार्ट भोलेन्टर कार्यक्रम | जि.आई.जेट | नवलपरासी | - | - | - | - | - | - | - | - | १ | |
| ७ | दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम | प्लान नेपाल | बाग्लुङ्ग, म्याग्दी | ३८ | ५६०१ | ३४३६ | ११५२ | २८८१ | ७४६९ | ७४६९ | | ४७ | १९ |
| ८ | नवलपरासी जिल्लाका राजनैतिक दलहरुमा लोकतान्त्रिक एवं समावेशीकरण पद्धती सुदृढिकरण परियोजना | आर.डि.आई.एफ. | नवलपरासी | जिल्लास्तरमा संचालित | | ९८ | ९१ | ३४२ | ५३१ | १३४ | | १ | २ |
| ९ | अमिला (Citrus) जातका फलफुलहरुको बजार प्रवर्द्धन परियोजना | लुथरन वर्ल्ड रिलिफ | नवलपरासी | २ गाविस | २६१ | ० | १७०३ | ० | १७०३ | २९ | | २ | १ |
| **ख. केन्द्रिय कार्यालय** | | आन्तरिक | नवलपरासी | - | | | | | | | | १ | ८ |
| जम्मा | | - | ५ जिल्ला | ८३ गा.वि.स. | ४५०५६ | १९०८४ | ८०६१६ | ६१७७० | १६१४७० | ९१२८१ | ९६०३ | ९१ | ५२ |

# कार्यक्रम गतिविधि

**सहमतिले आफ्ना कार्यक्रमहरूलाई २ कार्यगत विषयमा विभाजित गरेको छ ।**

विषयगत क्षेत्र-१ मा सामाजिक परिचालन र सामुदायिक विकास रहेको छ, जस अन्तर्गत निम्न साझेदारी कार्यक्रमहरु रहेका छन् ।

**समुन्नति कार्यक्रम नवलपरासी, कपिलवस्तु**

ग्रामीण स्वावलम्बन प्रयासहरुको प्रवर्धन (समुन्नति) कार्यक्रम गत सन् २००५ मार्च महिनादेखि शुरु भएको अक्सफाम हङ्कङ्गसँगको साझेदारीमा सञ्चालित कार्यक्रम हो । समुदायको सशक्तिकरणद्वारा संकटासन्नता न्यूनीकरण गर्दै दीगो जीविकोपार्जनमा सहयोग पुऱ्याउने, जसले गुणस्तरीय जीवन र समुदायको सम्पन्नतालाई आफ्नो लक्ष्य बनाएको छ ।

- कार्यक्षेत्र २ र ३ का सहकारी संस्थाहरुमा संस्थागत व्यवस्थापन र लेखा व्यवस्थापनको दक्षता अभिवृद्धि भएको छ ।
- कृषि र पशुमा व्यवसायिक धारणाको शुरुवात जसले गर्दा नयाँ जात तथा नश्लको विकासको शुरुवात भएको छ ।
- समूह/सहकारीमा आवद्ध सदस्यहरु ९०% महिला भएकोले महिला सशक्तिकरणमा सहयोग पुगेको छ ।

- स्वास्थ्य तथा सरसफाईमा सचेतना अभिवृद्धिमा समूहहरुको योगदानको वृद्धि भएको छ ।
- महिलाहरु समूह तथा सहकारीमा आवद्ध हुँदा सिधैं आर्थिक स्रोतमा पहुँच वृद्धि भई आत्मसम्मानमा वृद्धि भएको छ ।

**लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिबृद्धी कार्यक्रम, सिन्धुली**

सहमति र प्लान नेपाल, सिन्धुलीद्वारा सञ्चालित लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम सन् २०१० देखि सिन्धुलीको २० गा.वि.स.मा सञ्चालन गरिएको छ । सिन्धुलीको पहाडी भेगमा रहेका ग्रामीण महिलाहरुको सामाजिक तथा आर्थिक सशक्तिकरण, पारिवारीक, सांस्कृतिक विकास गरी समग्र गुणस्तरीय जीवनमा योगदान गर्दै ग्रामीण महिला समूह, सहकारीको संस्थागत क्षमता विकास गर्ने कार्यक्रमको लक्ष्य रहेको छ ।

- महिला समूहहरुको संख्या २ प्रतिशतले बृद्धि भएको छ । जसमा सदस्यहरुको संख्या ४ प्रतिशतले बृद्धि भएको छ । हाल ९१२ समूहमा १५३८९ सदस्यहरु रहेका छन् ।
- सहकारीमा शेयर सदस्य संख्या ४ प्रतिशतल बृद्धि भएको छ भने शेयर पूँजी ९ प्रतिशतले बृद्धि भएको छ । हाल २० सहकारीमा १४९८९ जना शेयर सदस्य रहेका छन भने रु १,२४,७०,०००। शेयर पूँजी रहेको छ ।
- सहकारीमा १७ प्रतिशतले बचत संकलनमा बृद्धि भएको छ । हाल कूल बचत रकम रु २,२५,३५,०००। रहेको छ ।
- सहकारीमा ऋणीहरुको संख्या १० प्रतिशतले बृद्धि भएको छ भने लगानीमा रहेको रकम १६ प्रतिशतले बृद्धि भएको छ । हाल २० सहकारीमा ४२१२ जनालाई ऋण लगानी भएको छ भने रु ४,२७,६१,०००। रकम लगानीमा रहेको छ ।
- सहकारीमा युवा महिलाहरुको प्रवेश ७ प्रतिशतले बृद्धि भएको छ । हाल २० सहकारीमा ३८१७ जना युवा महिला शेयर सदस्य रहेका छन् ।
- ३ वटा नयाँ युवा महिला संस्थाको स्थापना भएको छ । हाल कार्यक्रमले २० वटा युवा महिला संस्थाहरुको संस्थागत विकासमा सहयोग गरिरहेको छ ।

**लोकतन्त्र मजबुत बनाऔं कार्यक्रम, नवलपरासी**

समाजका सबै वर्गको सक्रिय र अर्थपूर्ण संलग्नतालाई सक्षम तुल्याउने, स्थानीय समुदायद्वारा अगुवाइमा गरिएको विकास मार्फत समावेशी स्थानीय लोकतन्त्रको प्रवर्द्धन गर्नु हो । एक्सन एड नेपाल तथा Danida HUGOU को संयुक्त लगानीमा यो परियोजना सञ्चालित छ ।

- स्थानीय सरकारी सेवामा सुधारका लागि गरिएको प्रयासले जनताहरु सेवाप्रदायक संस्थाको सुधारका लागि चासो देखाएका छन् । साथै सेवाप्रदायक संस्थाबाट पनि कमी कमजोरिलाई सुधारेर गुणस्तरीय सेवा प्रदान गर्नको लागि अग्रसरता देखाएका छन् ।
- पहिलो पटक आफ्नो कमी कमजोरीहरुलाई सेवा प्रदायक संस्था र सेवा ग्राहीबाट पनि सार्वजनिक बैठकमा प्रस्तुत गरेर त्यसको सुधारको लागि दुवै तर्फबाट प्रयास गर्ने र त्यसलाई सुधारेर अगाडि बढ्नको लागि चासो देखाएका छन् ।
- स्थानीय निकायहरुले जवाफदेही, पारदर्शी हुने खालका कार्यक्रमहरु जस्तै सामाजिक परीक्षण, सरकारी सेवामा गुणस्तरीय सुधार, सहभागितामूलक वस्तीस्तरीय योजना तर्जुमा प्रक्रिया सञ्चालनको थालनी भएको छ ।
- पछाडि पारिएको, गरीब, सिमान्तकृत महिला तथा पुरुषहरु रिफ्लेक्ट केन्द्रहरु मार्फत आफू पछाडि पर्नुको कारणहरुमा छलफल गरी स्थानीय सरकारी निकायहरुमा पाइने सेवाको बारेमा जानकारी लिने र सेवामा पहुँच बृद्धिको थालनी भएको छ ।
- सरकारी सेवा (शिक्षा, स्वास्थ्य), सामाजिक परीक्षण, सहभागितामूलक वस्तीस्तरीय योजना तर्जुमा प्रक्रिया बारेमा रिफ्लेक्ट केन्द्रहरुमा भिडियो, एनिमेशन, पोष्टरहरुको प्रयोगद्वारा सहजिकरण गरी स्थानीय सेवाको बारेमा जानकारी गराई सेवामा पहुँच बृद्धिका साथै रिफ्लेक्ट केन्द्रका सदस्यहरु गाविसमा सञ्चालित विभिन्न कार्यक्रमहरुमा सहभागि भई आफ्नो भनाई सम्बन्धित निकायमा राखेका छन् ।
- रिफ्लेक्ट केन्द्रका सदस्यहरु नियमित बचत, सरसफाई, आफ्नो वस्तीको विकास निर्माणमा सहभागिता, नियमित छलफल, विभिन्न कार्यक्रमहरुमा उपस्थिति, स्थानीय निकायहरुको सेवामा पहुँच बृद्धि साथै आय आर्जनलाई समेत टेवा पुऱ्याउने कृषि प्रणालीतर्फ उन्मुख, बचत रकमबाट ऋण लिई व्यापार बृद्धि जस्ता कार्यहरुमा संलग्न रहेका छन् ।
- रुपान्तरणीय सामाजिक परिचालन अभ्यासकर्मीहरुको दोस्रो जिल्ला भेला मार्फत नवलपरासी जिल्ला भर LGCDP कार्यक्रममा देखिएका उपलब्धी, सिकाईहरु, चुनौतीहरु, समाधानका लागि गरिएका प्रयासहरुको बारेमा नवलपरासी जिल्ला भरका सामाजिक परिचालकहरु एकै ठाउँमा बसी एक आपसमा छलफल गरी आगामी दिनमा कसरी कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सकिन्छ भन्ने विषयमा पनि कार्यक्रम केन्द्रित रहेको थियो ।

**ग्रामीण युवा विकास कार्यक्रम, नवलपरासी**

सहमति र AWO International, Germany द्वारा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रम नवलपरासी जिल्लाको ४ वटा गा.वि.स. मा जनवरी २००८ देखि निरन्तर रुपमा सञ्चालन भइरहेको छ । यस कार्यक्रमले ग्रामीण क्षेत्रमा रहेको युवा जनशक्तिलाई परिचालन गरी गाउँको विकासमा अग्रणी भूमिका निभाउनको लागि विभिन्न किसिमका आयमूलक कार्यक्रमहरु गर्दै आइरहेको छ । यस कार्यक्रमको मूख्य उद्देश्य नेपालमा दिनानुदिन बढ्दै गइरहेको युवा जनशक्तिलाई क्षमता अभिवृद्धि गरी स्वदेशमै रोजगारीका अवसरहरु सिर्जना गरी ग्रामीण क्षेत्रका समुदायहरुको गुणस्तरीय जीवनमा पहुँच पुगोस् भन्ने रहेको छ ।

◆ ४ वटा सहकारी संस्थाहरु वित्तीय कारोवार मार्फत आत्मनिर्भर हुनु
◆ ४ वटा स्थानीय गैर सरकारी संस्थाहरु जनचासोका क्रियाकलापमा संलग्न भई समुदायमा सक्रिय हुनु
◆ यस अवधिमा ९ जना गैर कृषि सीपमूलक तालिम प्राप्त युवाहरुद्धारा आफ्नो व्यवसाय शुरुवात भएको
◆ युवा सूचना केन्द्रहरुले संचालन गरेका सुरक्षित वैदेशिक रोजगार सम्वन्धि अभिमुखीकरण कार्यक्रम मार्फत युवाहरु सुरक्षित रुपमा वैदेशिक रोजगारमा जान शुरुवात गर्नु
◆ ३ वटा समूहहरु विषयगत कार्यालयमा दर्ता भई ५१ जना कृषकहरु व्यवसायिक पशुपालन र सुन्तला खेतीमा अग्रसर हुनु ।

**दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम, वाग्लुङ्ग/म्याग्दी**

सहमति र प्लान नेपालको साझेदारीमा बाग्लुङ्ग जिल्लाको अधिकारीचौर, देविस्थान, खुङ्गा, मल्म, काँडेवास, नरेठाँटी, हटिया, दुदिलाभाटी, पैयूपाँटा, अमलाचौर र नारायणस्थान गा.वि.स. र म्याग्दी जिल्लाको वरंजा ,सिहा, कुहुँ ,राखुपिप्ले, घतान, राखु भगवती, पुलाचौर, अर्मन, बाबियाचौर, वेगखोला, चिमखोला, दग्नाम, दाना, दर्वाङ, देवीस्थान, झिं, ज्याम्रुमकोट, कुइनेमंगले, लुलाङ, मुदी, निस्कोट, ओखरबोट, पाखापानी, पात्लेखेत, रत्नेचौर, रुम र ताकम गा.वि.स. गरी कूल ३८ गा.वि.स.हरुमा दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम सन् 2011 डिसेम्वरदेखि निरन्तर संचालित कार्यक्रम हो । यस कार्यक्रमको मूख्य उद्देश्य बाग्लुङ्ग र म्याग्दी जिल्लाका दलित महिला तथा अपाङ्गता भएका परिवारका महिलाहरुलाई समूह तथा सहकारीमा आवद्ध गराई वित्तीय सेवामा पहुचँमा वृद्धि गरी उनीहरुको दिगो आयश्रोतको विकासमा सहयोग गर्ने रहेको छ ।

◆ ३५९ वटा स्वाबलम्बी महिला समूहहरुमा ७४६९ महिलाहरु आवद्ध साथै रु. १९,१८,७५४/- बचत रकम ।
◆ कार्यक्रमको सहयोगमा तरकारी उत्पादन गरी समूहका सदस्यहरुबाट रु.४,०००/- देखि रु. २०,०००/- सम्मको आम्दानी ।
◆ अपाङ्गता भएका परिवारले कार्यक्रमको सहयोगमा कुखुरापालन गरी रु. ५३,०००/- कमाएको ।
◆ ७ वटा गाविसहरु (नारायणस्थान, पैयुँपाटा, हटिया, पुलाचौर, राखुभगवती, सिंगा र कुहुँ) मा ९० प्रतिशत भन्दा बढी घरधुरी स्वावलम्बी महिला समूहमा आवद्ध ।
◆ ४ वटा गाविसहरु (नारायणस्थान, नरेठाँटी, राखुभगवती र कुहुँ) मा अपाङ्गता भएका परिवारबाट ९० प्रतिशतभन्दा बढी घरधुरी स्वावलम्बी महिला समूहमा आवद्ध ।

**स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, नवलपरासी**

सहमति र जिविस नवलपरासीको साझेदारीमा सञ्चालित स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम २०६७ चैत्रबाट नवलपरासी जिल्लाको मुकुन्दपुर, अमरापुरी, रजहर, दिव्यपुरी, प्रगतिनगर, पिठौली र शिवमन्दिर गा.वि.स.हरुमा सञ्चालन भइरहेको छ ।

◆ प्रगतिनगर गाविस-२ मा सञ्चालित CAC का सहभागीहरुबाट मुढा तालिम सुचारु ।
◆ LGCDP कार्यक्षेत्रमा पर्ने सबै गाविसका नागरिक सचेतना केन्द्रका सहभागीहरुको क्षमतामा विकास भई विभिन्न सामाजिक कार्यक्रमहरुमा अर्थपूर्ण सहभागिता ।
◆ सबै गाविसहरुमा वडा नागरिक मञ्च र राजनैतिक दलका प्रतिनिधिहरु बीच संयुक्त छलफलबाट नै वडास्तरका योजना संकलन भई परिषद्बाट पास भएको ।
◆ शिवमन्दिर गाविसमा ना.स.के.का सहभागीले छलफलका लागि सामुदायिक भवनको निर्माण कार्य भइरहेको ।
◆ गाविसले LGCDP कार्यक्रमलाई आफ्नै केन्द्रीय कार्यक्रमको रुपमा लिई कार्यक्रम सञ्चालन गर्दा सामाजिक परिचालकलाई फिल्डमा कार्यहरु गर्न सहज भएको छ ।
◆ नागरिक सचेतना केन्द्रले गर्दा गाविसमा अभियानको रुपमा सरसफाई, शुद्ध पिउने पानी, जाँड, रक्सी, जुवातास न्यूनीकरण, चर्पी निर्माण र बालमैत्री गाविस बनाउन अग्रसर भएका छन् ।

**नवलपरासी जिल्लाका राजनीतिक दलहरुमा लोकतान्त्रिक एवं समावेशीकरण पद्धति सुदृढीकरण परियोजना**

सहमति र RDIF को साझेदारीमा सञ्चालित "नवलपरासी जिल्लाका राजनीतिक दलहरुमा लोकतान्त्रिक एवं समावेशीकरण पद्धति सुदृढीकरण परियोजना" जिल्लास्थित राष्ट्रिय मान्यता प्राप्त १३ वटा राजनैतिक दलहरुसँग हातेमालो गर्दै लोकतान्त्रिक एवं समावेशीकरण पद्धतिलाई अझ सुदृढीकरण गर्नु एवं अन्तरदलीय समन्वय वृद्धि गर्नुका साथै जिल्लास्थित चार मूख्य सामाजिक संयन्त्रहरु (महिला, दलित, अपाङ्गता भएका र सीमान्तकृत अल्पसंख्यक) लाई विभिन्न नेतृत्व विकास, पैरवी विकास र क्षमता अभिवृद्धिको माध्यमबाट उनीहरुको राजनीतिक सहभागितामा वृद्धि गर्नु रहेको छ ।

◆ परियोजनाद्वारा सञ्चालन गरेका विभिन्न तालिम, प्रशिक्षण, अन्तरक्रिया, कार्यशाला, गोष्ठी जस्ता कार्यक्रमगत क्रियाकलापहरुले दलहरुभित्र नीतिगत तथा विधानको मर्म अनुरुप लोकतान्त्रिक तथा समावेशीकरण पद्धतिको सुदृढीकरणको अभ्यासलाई व्यवहारमा उतार्न शुरु ।
◆ समावेशी उपसमिति आफैमा समावेशी तवरले गठन भएको जसमा संख्यात्मक रुपले महिला, दलित, अपाङ्गता भएका र सीमान्तकृत अल्पसंख्यकको अर्थपूर्ण सहभागिता रहेको छ । जसको परिणाम स्वरुप शुरुवातदेखि नै राजनीतिक दलभित्र निर्णय प्रक्रियामा पहुँच भएको छ ।

- राजनीतिक दलका जिल्ला कार्यसमिति अन्तर्गत विभिन्न विभागीय समितिहरुमा महिला, दलित, अपाङ्गता भएका तथा सीमान्तकृत अल्पसंख्यक समुदायको प्रतिनिधित्व गराउनुपर्दछ भन्ने भावना विस्तारै विकास भएकोले जसले गर्दा ति समुदायको राजनीतिक सहभागीतामा वृद्धि भएको । साथै लोकतन्त्र तथा समावेशीकरण सम्बन्धी प्रशिक्षक प्रशिक्षण (TOT) लिएका जनशक्तिहरुले पार्टी भित्रका आन्तरिक प्रशिक्षक प्रशिक्षण कार्यक्रममा यस्ता मुद्दाहरुका बारेमा निरन्तर छलफल चलाउने गरेको ।
- परियोजनाको विषयगत क्षेत्रबाट प्रभावित भएर राष्ट्रिय प्रजातन्त्र पार्टीले आफ्नो केन्द्रीय पार्षद् रुपमा महिलाको नियुक्ती र अन्य विभिन्न समिति, उपसमितिहरुमा विधान सम्मत समावेशीतालाई प्राथमिकता दिने प्रतिवद्धता ।
- समावेशी डेस्क, सामाजिक संस्था र पत्रकारको दबावका कारण केही पार्टीहरुले आउँदो महाधिवेशनमा समावेशी लोकतान्त्रिक नीतिलाई प्राथमिकता दिने घोषणा ।
- जिल्लास्थित अधिकांश राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिले आगामी ५ वर्षभित्र राजनीतिक रुपमा पूर्ण समावेशी जिल्ला घोषणा गर्ने सहितको ८ बुँदे पत्रमा सामुहिक प्रतिवद्धता जाहेर ।

**अमिलो (Citrus) जातका फलफूलहरुको बजार प्रवर्द्धन कार्यक्रम**

"अमिलो (Citrus) जातका फलफूलहरुको बजार प्रवर्द्धन परियोजना" नवलपरासी जिल्लाले सुन्तलाको पकेट क्षेत्र घोषणा गरेका २ गाविस (डाँडाझेरी र जौवारी) मा सहमति र लुर्थरन वर्ल्ड रिलिफको साझेदारीमा सञ्चालित परियोजना हो । यस परियोजनाको लक्ष्य डाँडाझेरी र जौवारी गाविसका सुन्तला उत्पादक किसानहरुको आम्दानी २०% ले वृद्धि गर्ने रहेको छ ।

- सुन्तला उत्पादन हुने थलोमा नै यसलाई भित्र्याउने र भित्र्याएपछि हेरचाहको बारेमा ६० जना दक्ष सुन्तला किसानहरु प्रत्यक्ष लाभान्वित भएको ।
- सुन्तला किसानहरुको बीचको अन्तरक्रिया कार्यक्रमले १४० जना सुन्तला किसान दक्ष जनशक्तिको रुपमा विकास भएको ।
- १२२ जना सुन्तला किसानले सुन्तला भित्र्याउने र भित्र्याए पश्चात्को हेरचाह सम्बन्धी औजार, यन्त्रहरुको बारेमा जानकारी हाँसिल भएको ।
- २ वटा शुन्य शक्ति सीतभण्डारको निर्माण जसबाट १२८ जना किसानहरु लाभान्वित ।
- ६० जना किसानहरुले शून्यशीत भण्डारण व्यवस्थापन तालिम प्राप्त ।
- २ शुन्यशीत भण्डारण व्यवस्थापन समिति गठन भई स्वतन्त्र रुपमा कार्य सञ्चालन ।
- २० जना किसान, २० जना सरकारी अधिकारी र ३ व्यवसायी विक्रेता र किसानबीच अन्तरक्रिया कार्यक्रममा सहभागी ।
- पश्चिम नेपालको सुन्तलाको Value Chain सम्बन्धी प्रतिवेदन उपलब्धि

**केन्द्रीय कार्यालय गतिविधिः**

- विजया दशमी २०६९ को पावन अवसरमा कार्तिक १ गते सहमति कार्यसमिति सदस्य, सल्लाहकार समिति, सदस्य, र कर्मचारी एवं शुभचिन्तकहरुको माझ शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न।
- २०६९ कार्तिक २७ गते सहमति संस्थाको ११ औं बार्षिकोत्सवको अवसरमा सहमति कार्यसमिति, सदस्य, सल्लाहकार समिति, केन्द्रीय कार्यालयका कर्मचारीहरुद्वारा सामुहिक दीप प्रज्वलन कार्य सम्पन्न ।
- संस्थाको कार्य मूल्यांकन र भावी दिनको दिशा निर्देशमा सहयोग पुगोस् भन्ने हेतुले तयार गरिएको दुईदिने कार्यनितिक योजना समिक्षा बैठक गैंडाकोट गा.वि.स. स्थित मौलाकालिका मन्दिरको हलमा सम्पन्न ।
- सहमति संस्थाको १४औं साधारणसभा मंसीर ५ गते सहमति अध्ययन केन्द्रमा संस्थाका अध्यक्ष श्री करुणा सागर सुवेदीज्यूको अध्यक्षतामा सम्पन्न जसमा २०६८/०६९ को बार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन र आगामी वर्षका लागि प्रस्तावित कार्यक्रम माथि छलफल कार्य सम्पन्न ।
- २०६९ मंसीर २५ गते आबु इन्टरनेशनल जर्मनीका नेपाल स्थित प्रमुख प्रतिनिधि Dr. Clemens Spiess लाई संस्थागत रुपमा विदाई एवं प्रशंसा पत्र प्रदान कार्यक्रम सम्पन्न । सो अवसरमा आवु इन्टरनेशनल जर्मनीका नेपालका लागि प्रमुख प्रतिनिधिको रुपमा नव नियुक्त हुनु भएका Felix Neuhaus लाई स्वागत ।

**सहमति अध्ययन केन्द्र**

- जम्मा तालिम सञ्चालन दिन : ६०
- कूल सहभागी : ४८८ (महिला-२८३, पुरुष-२०५)
- जम्मा सहभागी संघसंस्था : ९ (राष्ट्रिय/अन्तर्राष्ट्रिय)

**सहज स्वास्थ्य सहकारी संस्था लि., नवलपरासी**

- मिति २०६९/७/१८ गते जेष्ठ नागरिकहरुलाई नि:शूल्क स्वास्थ्य चेकअप गरी १२० जनालाई निशूल्क औषधी वितरण कार्य सम्पन्न ।
- समूहमा नै गई प्रत्यक्ष सेवा प्रदान गर्ने उद्देश्यले मिति २०६९/७/४ र २०६९/७/१६ मा गैंडाकोट गाविस वडा नं.-३ ढोडेनी र मुकुन्दपुरमा स्वास्थ्य शिविर सञ्चालन जसबाट ४६ जनाले स्वास्थ्य परीक्षण गराएका थिए ।
- २०६९ पुष २८ गते सहज स्वास्थ्य सहकारी संस्था लि. को ११ औं साधारणसभा सहज सामुदायिक अस्पताल प्राङ्गणमा सहज सामुदायिक अस्पतालका अध्यक्ष श्री भीमप्रसाद शर्माज्यूको अध्यक्षतामा सम्पन्न भयो । सो अवसरमा आ.व. २०६८/६९ वार्षिक प्रगति एवं आर्थिक प्रगति प्रतिवेदन प्रस्तुत हुनुका साथै. आ.व. २०६९/७० का लागि प्रस्तावित कार्यक्रमहरुको लक्ष्य एवं अनुमानित आय-व्ययमाथि छलफल एवं पारित ।

# लघुवित्त तथा युवा संस्थाहरूको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम, सिन्धुली

✍ **कमल प्रसाद सापकोटा**
लघुवित्त अधिकृत

लघुवित्त भन्नाले गरीब तथा विपन्न वर्गमा प्रवाह गरिने ऋण तथा बचतको सेवालाई बुझ्काउँदछ । समूह जमानीमा विना धितो सदस्यहरुले स्थानीय स्तरमा नै ऋण प्राप्त गर्न सक्दछन् । जसको धितो राख्नको लागि जग्गा जमिन छैन जजको वाणिज्य बैक सम्म पहुँच पुग्दैन त्यस्ता व्यक्तिहरुको लागि यो ज्यादै उपयोगी भएको छ । सहकारी संस्थाले संचालन गर्ने बचत तथा ऋणको सेवालाई सहकारी लघुवित्तको रुपमा लिन सकिन्छ । स्थानीयस्तरमा वचत तथा ऋण सहकारी संस्था स्थापना गरी सदस्यहरुकै सहभागिता र लगानीमा सहकारी लघुवित्त संचालन गरिएको हुन्छ । सदस्यहरुबाट बचत तथा शेयर पूँजीमार्फत् संकलन भएको रकम त्यही संस्थाका सदस्यहरुलाई बिना धितोमा सस्तो व्याज दरमा निश्चित समयपछि फिर्ता गर्ने गरी लगानी गरिएको हुन्छ । गाउँ घरमा रु १,०००। को ऋण लिंदापनि साहुकोमा जानुपर्ने तथा महँगो व्याज तिर्नुपर्ने अवस्थालाई कम गर्दै सहकारी लघुवित्तले आफ्नो स्थान बलियो बनाउँदै लगेको देखिन्छ । अब थोरै ऋण सस्तो व्याज दरमा आफ्ना सदस्यहरुलाई सहकारीले उपलब्ध गराउन थालेका छन् । सहकारीको माध्यमबाट विभिन्न बाह्य वित्तीय संस्थाहरुसँग सम्पर्क एवं समन्वय गरी आफ्ना सदस्यहरुलाई सस्तो व्याजमा थोक ऋण लिएर लगानी गर्न सकिन्छ । नेपाल राष्ट्र बैंक, ग्रामीण स्वावलम्वन कोष, ग्रामीण लघुवित्त विकास केन्द्र तथा व्यापारिक बैंकहरुले पनि ग्रामीण क्षेत्रमा थोक कर्जा प्रवाह गर्नुपर्ने प्रावधान अनुसार आवश्यक प्रक्रिया पुऱ्याई ऋण लगानी गरिरहेका छन् । यसमा सहकारीहरुको पनि पहुँच वृद्धि गरी आफ्ना सदस्यहरुलाई आयमूलक व्यवसायको लागि सस्तो व्याजमा ऋण उपलब्ध गराउन पहल गरि सदस्यहरुको हितको लागि काम गर्न जरुरी हुन्छ । त्यसतर्फ सहकारी संचालकहरुले आफ्नो क्षमता वृद्धि गर्दै लैजानु आवश्यक छ ।

सहमति र प्लान नेपालको साझेदारीमा किशोरी शक्ति परियोजना अन्तर्गत लघुवित्त र युवा संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम सिन्धुली जिल्लामा विगत ३ वर्षदेखि निरन्तर संचालनमा रहेको छ । महिला सहकारी संस्थाहरुको क्षमता वृद्धि गरी उहाँहरुको नेतृत्वमा संस्था संचालन गर्न सहयोग गर्ने, महिला समूहहरुको गठन र सुदृढीकरण गर्ने, सिन्धुली जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को संस्थागत विकासमा सहयोग गर्ने कार्यक्रमको उद्देश्य रहेको छ ।

सिन्धुली जिल्लाको २० वटा गा.वि.स. मा संचालन रहेको कार्यक्रममा २० वटा महिला बचत तथा ऋण सहकारी संस्था,९३६ वटा महिला स्वावलम्वी समूहहरु रहेका छन् भने १५९४३ जना सदस्यहरु समुहमा आवद्ध भइसक्नु भएको छ ।



सहकारी संस्थाहरुमा शेयरपुँजी रु १ करोड २४ लाख ७० हजार , बचत रकम २ करोड २५ लाख ३५ हजार , नेपाल राष्ट्र बैंक ग्रामीण स्वावलम्वन कोषबाट थोक कर्जा रु ४२ लाख १५ हजार संकलन गरी ४२१२ जना सदस्यहरुलाई लगानी गरेको छ । बचतका प्रकारहरुमा नियमित, ऐच्छिक , खुत्रुके, आवधिक, दैनिक बचतको सेवा दिइरहेको छ । ऋण लगानीको क्षेत्रमा कृषि, व्यापार , पशुपालन र केही घरायसी कार्यमा पनि लगानी भएको छ । कार्यक्रममा युवाहरुलाइ संलग्न गराइ संस्था स्थापना र दर्ता प्रक्रियामा सहयोग गरी किशोरीहरुका सवाल पहिचान र समाधानका विषयमा पनि छलफल तथा कार्ययोजना तयार गरी कार्यन्वयन गर्ने गरिएको छ । हालसम्म युवा महिलाहरुको संस्था संख्या २० वटा रहेका छन् । भने त्यसका सदस्य संख्या ३५३ जना रहेका छन् । हालसम्म ५ वटा सहकारी संस्थाहरुले ने.रा.बै.ग्रामीण स्वावलम्वन कोषबाट थोक कर्जा लिइ सदस्यहरुलाई लगानी गर्नु भएको छ भने अन्य सहकारी संस्थाहरुबाट पनि थोक कर्जा लिनको लागि प्रक्रियामा रहेका छन् ।

**"गाउँमा २, ३ हजार ऋण नपत्याउने मलाइ अहिले महिला सहकारीले बिना धितो रु २५,०००। सम्म ऋण लिएकी छु"** यो भनाई एकल महिला सावित्रा पोखरेलको हो । उहाँ हतपते गा.वि.स. मा रहेको सगरमाथा महिला बचत तथा ऋण सहकारी संस्थाको शेयर सदस्य हुनुहुन्छ । महिला कर्मचारी, महिला नै संचालक भई कार्यालय स्थापना गरी सहकारीमार्फत् लघुवित्तको सेवा सबै सहकारी संस्थाहरुले दिन थालेका छन् । हाल सबै सहकारीहरु संचालन स्वसम्पन्नतामा अग्रसर भई रहेका छन् ।

लघुवित्तले दिनभर ज्याला मजदुरी गर्नेलाई पनि लगानी गर्दछ भने सानो व्यवसाय गर्ने व्यक्तिलाई पनि लगानी गर्ने गरेको छ । हाल यसमा केही दोहोरोपन देखिन थालेको छ । धेरै लघुवित्त संस्थाहरुले एउटै व्यक्तिलाई लगानी गर्ने,एक ठाउँको ऋण तिर्न अर्को ठाउँको ऋण लिने प्रवृति बढ्न थालेको छ जसले गर्दा व्यक्ति व्यवसायी बन्नु भन्दा ऋण लेनदेनमा मात्र सिमित रहेको अवस्था हुन सक्छ । त्यसैले लघुवित्त संस्था र सरकारले पनि यस्तो विषयमा स्पष्ट नीति बनाई आफ्ना सदस्य तथा नागरिकको हित लाग्नु पर्ने बेला आएको छ । ◆◆◆

# नमूना महिला सहकारीको यात्रामा सगरमाथा

हजारभन्दा बढी महिलाहरु र अन्य स्थानीय संघ संस्थाहरुको उपस्थितिका माझ केही महत्वकांक्षी योजनाहरु पास गर्दै सगरमाथा महिला बचत तथा ऋण सहकारी संस्था लि. हत्पतेले हालसालै चौथौ बार्षिक साधारणसभा सम्पन्न गरेको छ । साधारणसभामा आमन्त्रित स्थानीय संघ संस्था र राजनैनिक दलका प्रतिनिधिहरुले सहकारी संस्थालाई छोटो समयमा धेरै प्रगति गर्न सफल भएकोमा खुलेर प्रशंसा गरे । सगरमाथा महिला सहकारी २०६४ साल चैत्र १२ गते तत्कालीन महिला विकास कार्यालयको सहयोगमा विधिवत रुपमा सहकारी डिभिजन कार्यालय जनकनपुरमा दर्ता भएको थियो । स्थापना पछिको ३ वर्षसम्ममा यस संस्थाले खासै फड्को मार्न सकेको थिएन । सन २०१० अप्रिलदेखि सहमति र प्लानको साझेदारीमा संचालित लघुबित्त संस्थाहरुको संस्थागत क्षमता अभिबृद्धि कार्यक्रमले यस संस्थालाई संस्थागत विकासको लागि सहयोग गर्न थाल्यो । कार्यक्रमले निरन्तररुपमा हालसम्म सहकारीलाई सहयोग गर्दै आएको छ । गएको २ वर्षमा सहकारी संस्थाले राम्रो प्रगति गर्न सकेको छ । १५१ जना शेयर सदस्यबाट यस सहकारीमा हाल १२०३ जना शेयर सदस्य रहेका छन् । हालसम्ममा यस संस्थाले ४९ लाख ३५ हजार बाराबरको पूँजी संकलन र परिचालन गरेको छ । हालसम्ममा सदस्यहरुमा २०२३ पटक ऋण प्रवाह गरिसकेको छ । अहिले संस्थाले कार्यालय मार्फत सदस्यहरुलाई दैनिक सेवा प्रदान गरिरहेको छ । हाल संस्थामा नियमितरुपमा ३ जना कर्मचारीहरु कार्यरत छन् । सदस्यहरुको बढ्दो ऋण मागलाई सम्बोधन गर्न संस्थाको पूँजीले नपुगेको हुँदा संस्थाले नेपाल राष्ट्र बैंक ग्रामीण स्वाबलम्बन कोषबाट सस्तो ब्याजदरमा ऋण लिएर सदस्यहरुलाई सेवा प्रदान गरेको छ । संस्थाकी अध्यक्ष श्रीमती गीता सापकोटाका अनुसार नेपाल राष्ट्र बैकबाट प्राप्त ऋणले शेयर सदस्यहरुको पूरा गर्न नसकिएको ऋण मागलाई सम्बोधन गर्न योगदान गर्नुका साथै संस्थाको आन्तरिक आय बृद्धिमा पनि सहयोग गरिरहेको छ ।

सगरमाथा महिला सहकारीको तिन बर्षे आवधिक योजना पनि छ । संस्थाले भविष्यमा एउटा सक्षम वित्तीय संस्थाको रुपमा विकास हुने जाँहा सदस्य महिलाहरु उद्यमशिलताको मार्फत आर्थिक रुपमा सशक्त हुनेछन् भन्ने लक्ष्य लिएको छ । संस्थाले योजना अनुरुप विभिन्न बचत तथा ऋणका सेवाहरु संचालन गरेको छ । हाल सहकारीले आयआर्जन र सामाजिक क्षेत्रमा सदस्यहरुलाई ऋण सेवा उपलब्ध गराइरको छ । सामाजिक क्षेत्रको लगानीलाई क्रमशः कम गर्दै आयआर्जनको क्षेत्रमा लगानी बढाउने लक्ष्य लिएको छ । संस्था जिल्ला बचत तथा ऋण सहकारी संघमा सदस्यको रुपमा आवद्ध भएको छ । संस्थाकै प्रतिनिधि पार्वती दाहाल हाल संघको अध्यक्ष पनि रहनुभएको छ । यस संस्थाले आफ्नो सेवा विस्तार संग सगै जिल्लास्तरमा पनि आफ्नो पहुँच स्थापना गर्न सफल भएको छ ।

संस्थाकी अध्यक्ष श्रीमती सापकोटाका अनुसार चौंथो वार्षिक साधारणसभाले संस्थाले निकट भविष्यमा नै गा.वि.स.का सम्पूर्ण युवा महिलाहरुलाई शेयर सदस्यको रुपमा आवद्ध गर्ने लक्ष्य लिएको छ । यस बाहेक संस्थाले निकट भविष्यमा गा.वि.स. अन्तर्गतका सम्पूर्ण घरधुरीहरुलाई सहकारीमा आवद्ध गर्ने अभियान पनि संचालन गरेको छ । गत साधारणसभामा उपस्थित एक राजनैनिक दलका प्रतिनिधिले यस संस्थाको प्रशंसा यसरी गरेका थिए "यस संस्थाले छोटो समयमा जुन विश्वास जित्न सफल भएको छ त्यसले यो कुराको पुष्टि गर्दछकी अव यस गा.वि.स. का महिलाहरु पुरुषहरुभन्दा बढी सक्षम भएका छन् ।" संस्थाकी अध्यक्ष श्रीमति सापकोटाका अनुसार संस्था निकट भविष्यमा गा.वि.स.का सम्पूर्ण एकल, अपाङ्गता भएका, दलित , अल्पसंख्यक महिलाहरुलाई आवद्ध गर्दै उनिहरुको आर्थिक र सामाजिक सशक्तिकरण गर्दै जिल्लामै एक सक्षम र नमूना महिला बचत तथा ऋण सहकारी संस्थाको रुपमा विकास हुने अभियानमा रहेको छ । ◆◆◆

## हार्दिक बधाई

"स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम" किशोरी शक्ति परियोजना अन्तर्गत म्याग्दी जिल्लाको लागि **२० जना स्थानीय सामुदायिक सहजकर्ता, ६ जना लघुवित्त सुपरभाइजर, ८ जना जे.टि.ए., ३ जना स्थानीय युवा सहजकर्ता र १ जना कृषि अधिकृत** नियुक्ति हुनु भएकोमा हार्दिक बधाई तथा कार्यसफलताको शुभकामना ।

त्यसैगरी समुन्नती कार्यक्रमको लागि **जीविकोपार्जन तथा कृषि अधिकृत**को रुपमा **श्री दिनेश वस्ताकोटी** नियुक्ति हुनु भएकोमा हार्दिक बधाई तथा कार्यसफलताको शुभकामना ।

**सहमति परिवार**

# स्रोत भएपनि नचिनेका रहेछौं हामीले

गाउँ घरमा बसोबास गर्ने जो कोहिलाई पनि काम के गर्नु हुन्छ ? भन्ने प्रश्न गर्दा के गर्नु र उही खेती किसानी त हो नि भन्ने जवाफ आमरुपमा आउने गर्दछ । तर तिनै कृषक हौं भन्नेहरुको चुलोमा हिजो आज दिनहुँजसो सोयाबिनको तरकारी पाक्छ । दिउँसोको खाजा, प्याकेटमा आएको चाउचाउ पाक्छ । गोठमा दुध दिने गाई, भैंसी पाल्न छाडिएको छ। कारण नयाँ पुस्ताका युवाहरुलाई गोबर गनाउँछ। जसले गर्दा खेतबारीमा हाल्ने मलको हाहाकार हुन थालेको छ । यसरी नै हाम्रो गाँउघरतिरको जीविकोपार्जन प्रगतितिर होईन अवनतितर्फ ओरालो लाग्दो छ । अब त्यो भविश्य टाढा छैन जुन बेला हरेक गाँउबस्ती शहरतिरको र विदेशतिरको खाद्यान्न आयात गर्नुपर्ने हुन्छ । त्यहि कारणले खाद्यान्नको मूल्य आकासिने र न्यूनआय भएका घरपरिवारमा भोकमरी ब्योहर्नु पर्ने अवस्था आउँन सक्छ ।

जौवारी गाविस वार्ड नम्बर ४ स्थित एउटा सानो वस्ती कुटैयामा पनि माथि चित्रण गरे जस्तै अवस्था थियो ।त्यसैले गाउँमा युवाहरुको पलायन तिव्र छ । भएका पाखा पखेरा अरुको जिम्मा लगाएर नवलपुर क्षेत्रमा सुकुम्बासिको रुपमा बँसाई सर्ने क्रम हरेक बर्ष बृद्धि भएको छ । जस्ले गर्दा गाउँमा जो-जो व्यक्तिहरु रोकिए उनीहरु पनि निराश र हिनताबोध ग्रस्त देखिएका थिए । यस्तै कथा भएका लाल बाहादुर नेपाली जो १२ कक्षा पास गरेका र रोजगारीको खोजिमा आफ्नो २ वर्ष समय खर्च गरेका २४ वर्षे युवक पनि यसै गाउँका एक जना हुन् ।

सहमति र अक्सफाम हङ्कङ्को साझेदारीमा सञ्चालित समुन्नति कार्यक्रम जौवारी गाविसमा तेस्रो वर्षमा चलिरहँदा कार्यक्रम मार्फत कृषि जे.टि.ए. को ब्यवस्था रह्यो । तिनै कृषि जे.टि.ए. को सल्लाह र सुझावले लाल बहादुरलाई व्यवसायिक कृषितर्फ तान्यो । २३ परिवारको बसोबास रहेको कुटैया गाउँमा कृषि समूह गठन भई लालबहादुर नेपालीको सक्रियतामा बढ्यो । एकातिर समूह नजिकै रहेको जौवारी बहुउद्देश्यीय सहकारी संस्थामा पनि पूरै सदस्य सहित आबद्ध बन्यो । अर्कोतर्फ समूहको दिगोपना र दिगो सहयोगको लागि जिल्ला कृषि बिकास कार्यलयमा विधिवत दर्ता पनि भयो ।त्यस्तै सहकारीमार्फत् कृषि समूहले स-साना बीउ बिजनमा सदस्यहरुको पँहुच बृद्धि गर्न सुलभ घुम्तिकोष रु. १०,००० समेत प्राप्त गर्‍यो । समुहगत रुपमा सम्पूर्ण २३ घरपरिवारको जनश्रमदान र समुन्नति कार्यक्रमको रु १ लाख ८१ हजारको सामग्री सहयोगमा १००० मिटरको दूरिबाट १ ईन्चको पाइपमार्फत् पानि गाउँमा ल्याई २०,००० लिटर क्षमताको सिमेन्ट पोखरी निर्माण भयो । उक्त पोखरीद्वारा १२ महिना साना सिंचाईको सुविधा गाउँमा पुग्यो । यि सबै कार्यहरुको अगुवाई उनै युवक लाल बहादुर नेपालीले नै गरेका हुन् ।

लाल बहादुर नेपाली जो आफ्नो भविश्य कता लैजाने भन्नेमा भौंतारिएका थिए । २०६८ फागुनदेखि उनको लक्ष्य स्पष्ट भयो । तरकारी खेतीमा उनले क्रमशः समूह र सहकारीमार्फत् लगानी गर्ने वातावरण पाए । शुरुको बर्ष उनले केही नयाँ जातका लहरे तरकारी र भेडे खुर्सानीको परीक्षण उत्पादन गरे ।उक्त उत्पादनबाट उनी सन्तुष्ट रहे । उनले उत्पादन विविधता पनि बढाए । विषेश गरी टनेलमा नर्सरी राखी नर्सरी बेमौसमी तरकारीको बिरुवा उत्पादन र टमाटरको खेती सँगै गरे । यसबाट उनको हौसला थप भयो । उनको बारीमा उत्पादित तरकारी वरिपरिका छिमेकी समुदाय (राईकोट, बोबोक, बोझादी, भदौरी, लपाक)मा दिनहूँ जान थाल्यो । ती समुदाय जाहाँ सोयाबिन बाहेक अरु तरकारीको बिकल्प थिएन त्यहाँ नयाँ-नयाँ जातका तरकारी खरिद गर्ने र खाने अवसर प्राप्त भयो । धेरै जसो छिमेकी गाउँका पैसा हुनेहरु उनकै बारीमा पुगेर हेर्ने



र केही न केही खरिद गरेर लैजाने क्रम बढ्यो । यसैगरी उनले गत वर्षको आम्दानि मात्र रु.३०,००० लिएको र घरमा पनि तरकारी कहिल्यै टुटेन । कुटैया गाउँको बारी जुन अरु समुदायले छाडेर दलित बस्तिको लागि भनेर हेला गरेर छुट्याइएको थियो आज त्यही ठाउँमा थरी-थरीका तरकारी बाली उत्पादन भएर अन्य टोल समुदायमा पुग्दा ती गाँउलेहरु भन्ने गर्दछन् "**हामीले माटोलाई चिन्न नसकेर पो रहेछ चिन्न सक्यौं भने धेरै कुरा फल्ने रहेछ ।**"

२०६९ पौष महिनादेखि नै लाल बहादुरले थप २ रोपनीमा काउली, बन्दा लगायतका तरकारी फलाएका छन् भने लहरे तरकारी खेतीको लागि थप २ रोपनी जमिन तयारी गरिसकेका छन् ।

एउटा युवा जनशक्ति जो पटक पटक बिदेश जाने प्रयास गर्दा पनि जान असफल भए त्यही असफलताले उनी अहिले गाविस स्तरमा नै सफल र अगुवा कृषक साबित भएका छन् । उनका पिता पुर्ण बहादुर नेपाली पनि छोराको चर्चा अन्य गाँउसम्म सुन्दा खुशि र दंग छन् । साथ साथै छोराप्रति गर्व गर्दछन् र भन्छन् "**हामीले**

(.................बाँकी १५ पेजमा)

# स्थानीय स्रोत पहिचानमा युवाहरुको सक्रियता

मानिस एक सामाजिक प्राणी हो ऊ समाजमा रहँदा बस्दा विभिन्न किसिमका सामाजिक चालचलन, परम्परा तथा रितिरिवाजसँग मुकाविला गर्दै आफ्नो दैनिक जीवनचर्या परम्परागत तरिकाबाट या कुनै अन्य रुपबाट व्यतित गरिरहेको हुन्छ । समाजमा धेरै थरिका व्यक्तिहरु फरक फरक बिचारधारमा क्रियाशील भइरहेका पाइन्छन । कोही परम्परागत रुपमा पुर्खाहरुले गर्दै आइरहेका क्रियाकलापहरुमा नै रमाइरहेका हुन्छन भने कोही केही फरक तरिकाले आफूलाई प्रस्तुत गरी समाजमा उदाहरणीय व्यक्तिका रुपमा उभ्याउन चाहेका देखिन्छन । भनिन्छ युवा वर्तमानका साझेदार र भविष्यका कर्णधार पनि हुन्, उनीहरुमा आफ्नो र समुदायको लागि केही गरौं भन्ने भावना जागृत भयो र आफूलाई सोही अनुसार परिचालित गरे भने पक्कै पनि सकारात्मक परिवर्तनका लागि यसले मद्धत पुऱ्याउँछ, यहाँ यस्तै केही जोशिला र आँटिला युवाहरुको सकारात्मक कार्यलाई अन्य व्यक्ति तथा समुदायका लागि उदाहरणको रुपमा प्रस्तुत गरिएको छ ।

भनाई छ कि **गरे के हुँदैन** अथवा **त आँट मात्र म पुऱ्याउँछु** हो साँच्चिकै यस भनाइलाई यथार्थमा परिणत गरेका छन् नवलपरासी जिल्लाका दुर्गम पहाडी भेगका युवाहरुले जो आफ्नो परम्परागत आम्दानीको स्रोत बन्दै आइरहेको खोरिया फडानीलाई कम गरी उजाड र विनास हुँदै गइरहेका पहाडका नाङ्गा डाँडा तथा पाखाहरुलाई संरक्षण गरी हराभरा बनाई नियमित आम्दानीको स्रोत बनाउने उद्धेश्यकासाथ करिब १,३३,९७५ वटा अम्रिसो र दालचिनीका विरुवाहरु वृक्षारोपण गरेर । कोटथर गा.वि.स.को साँठीमुरे र काफलडाँडा तथा डाँडाझेरी गा.वि.स.को रामकोट, गोठडाँडा र छरछरेका गाँउका १३४ घरधुरीले करिब २२० रोपनी खोरियामा परम्परागत रुपमा सदियौदेखि गर्दै आएको खोरिया फडानीलाई कम गर्दै लगि खोरिया फडानीनै बन्द गर्ने सोचले १,०३,९७५ अम्रिसोको विरुवा र ३०,००० दालचिनीको विरुवा रोपेका हुन । परम्परागत रुपमा गर्दै आइरहेको खोरिया फडानीलाई कम गर्न गाउँका केही व्यक्तिहरुले नमानिरहेको बेलामा युवाहरुको अगुवाइमा सम्पूर्ण समुदायलाई एकीकृत गर्दै उक्त कार्य सम्पन्न गरिएको हो । वृक्षारोपण पश्चात के अनुमान गर्न सकिन्छ भने अम्रिसोबाट मात्रै प्रथम वर्षमा करिव १०,००,०००।– रुपैया गाउँमा स्थानीय आम्दानीको रुपमा संकलित हुनेछ भने पछि विस्तारै यो आम्दानी स्वतः बढ्दै जानेछ । यसर्थ एकातिर वातावरणमा तथा अन्य क्षेत्रमा समेत प्रत्यक्ष रुपमा प्रभाव पार्दै आइरहेको खोरिया फडानी नहुनु भने अर्कातिर नियमित रुपमा आम्दानी भइरहने देखेपछि अन्य समुदायहरु पनि अम्रिसो वृक्षारोपण गर्ने योजना बनाइरहेका छन् ।

युवाहरु वातावरण संरक्षण, स्थानीय गैससको प्रवर्द्धन, कृषि तथा गैरकृषि आयआर्जन तथा सहकारी प्रवर्द्धनमा पनि सक्रियताका साथ लागि परेका छन् । केही युवाहरु विदेशबाट फर्किएर नयाँ सीप सिकिकन हाल साना उद्यमहरु संचालन गरिरहेका छन् । जस्तैः गैंडाकोट–३, ढोडेनीका जितबहादुर गुरुङ्, भारतबाट फिर्ता भएपछि अहिले मोवाईल रिपेरियङ्ग तथा मर्मत तालिम लिए पश्चात् सानो राम्रो व्यवसाय संचालन गरिरहेका छन् । प्रेरणादायिक विषय उनी आफू मेलमिलाप बचत तथा ऋण सहकारी संस्थाका सचिव पनि हुन् । यसरी विदेश पलायन भएका युवाहरु स्वदेश फर्कने र लघुवित्त संस्थालाई प्रवर्द्धन गर्दै लघु उद्यमहरु संचालन गर्न सके दुरदराजका गाउँ वस्तीहरुमा विकास तथा स्वारोजगारहरुको थुप्रै अवसर सिर्जना हुन सक्दछन् र यसले नै समाजमा सामाजिक तथा आर्थिक रुपान्तरणलाई सम्भव तुल्याउँछ ।

पक्कै पनि यस्ता किसिमका स्थानीय प्रयासहरु अनि युवाहरुले आफ्नो गाउँमा नै नियमित आम्दानीको स्रोत पहिचान गर्नाले हाम्रो समुदायमा खेर गइरहेका स्थानीय स्रोतहरुको उचित सदुपयोग हुनेछ भने वातावरण विनासबाट समुदायमा देखिने विभिन्न किसिमका आपत विपतका घटनाहरुमा पनि पक्कै कमी आउने कुरामा आशावादी बन्न सकिन्छ । यस भेगका युवाहरु स्थानीय रुपमा कुनै पनि सकारात्मक कार्यका लागि जोखिम नमोली अरुको देखासिकी गर्दै विना सीप तथा अनुभवमा असुरक्षित वैदेशिक रोजगारका लागि विभिन्न खाडी मुलुकमा गइरहेको परिप्रेक्ष्यमा यहाँ रहेका युवाहरुले स्थानीय रुपमा आम्दानी गर्न अगाडी बढेपछि पक्कै पनि खाडी मुलुकमा जाने युवाहरुमा मनोवैज्ञानिक दवाब पर्ने देखिन्छ कि हामी पनि आफ्नै ठाउँमा किन केही नगर्ने । युवाहरु यदि खाडी मुलुकमा ब गाउने पसिना आफ्नै माटोमा बगाउन र त्यहाँ गर्ने शारिरिक परिश्रम आफ्नै ठाउँमा गर्न तयार भएमा ति युवाहरु तथा उनीहरुको आशामा जिवन व्यतित गर्ने परिवारका सदस्य तथा समुदायका व्यक्तिहरुले आनन्द महशुस गर्ने छन् । यसर्थ यदि हामी मानसिक एवं शारिरीक रुपमा तयार भयौ र केही गरौं भन्ने भावना पलाउने हो भने असम्भव प्राय देखिदैन जुन कुरा माथीको कार्यबाट प्रष्ट हुन्छ । यसकारण हामीहरु सकारात्मक विकासका लागि आफ्ना प्रयासहरु समुदायमाझ लगिरहेको सन्दर्भमा स्थानीय स्रोत पहिचान र परिचालनका लागि बढी ध्यान केन्द्रित गरेमा यस्ता प्रयासहरुले सार्थकता पाउनेछन र समुन्नत समाज निर्माणमा हामी सबैको योगदानको आवश्यकता अझ बढ्नेछ । ◆◆◆

---

## स्रोत भएपनि ........

**आफुसँग भएको स्रोत साधनलाई पटक्कै नचिनेका रहेछौं हामीसँग जग्गा भएर मात्र हुदैन रहेछ त्यसलाई कुन माटोमा के फल्छ सही रुपमा पत्तालगाएर काम गर्नु पर्दोरहेछ । हामीले पहिले मकै र कोदो मात्र लगाउने जमिनमा अहिले नयाँ–नयाँ तरकारी फलाएका छौं ।**"हाम्रो परिवारमा बाहिरबाट केही तरकारी किन्न परेको छैन बरु अरुलाई पनि आफु नफलाए पनि दलदलेको तरकारी होइन हामीले नै बोकी बोकी घर दैलोमा पुऱ्याएका छौं ।

यसरी ललबाहादुर नेपालीले एउटा साँचो कृषकको भुमिका र जिम्मेवारी पूरा गरेका छन । यदी उनले जस्तै अरु केही थप युवाहरुले गाउँको माग र पूर्तिको सन्तुलन हेरिकन एक न एक तरकारी बाली उत्पादन गरिदिने हो भने एकातिर सहज उपलब्धता हुने थियो भने अर्कोतिर आर्थिक भार पनि कम हुन गई जीविकोपार्जनमा सहयोग हुने थियो । ◆◆◆

# सम्पन्नता अनुगमनका मूख्य सूचक तथा सहायक आधारहरू

**१. स्रोत, साधनमा पहुँच**
- मेरो परिवारलाई आवश्यक परेको बेला ऋण पाउन सजिलो छ/पाएकै छु ।
- मेरो परिवारमा कृषि, पशुपालन सम्बन्धी सीप पहिलेभन्दा बढेको छ । (कृषि+पशुपालन)
- मेरो परिवारमा कृषि, पशुपालनमा पहिले पहिलेभन्दा उन्नत तरिका वा प्रविधिको प्रयोग बढेको छ ।
- मेरो परिवारले सार्वजनिक स्रोत (वन, पानी आदि) को उपयोगमा कुनैपनि भेदभाव सहनु परेको छैन ।
- स्थानीय निकायमा सेवा/सहयोग लिने पाउने क्रम अहिले सुध्रेको छ ।
- आवश्यक परेको बेला अरु सरकारी निकायबाट पनि सहयोग पाइन्छ/पाएका छौं ।
- स्थानीय सरकारी सार्वजनिक सेवा (विद्यालय, स्वास्थ्य, सुरक्षा) बाट मेरो परिवारले सेवा पाएको छ ।
- मेरो परिवारले उत्पादन गर्ने वस्तु/सेवामा बजारको चिन्ता छैन ।
- हाम्रो परिवार आयआर्जनमा पहिलेभन्दा अहिले फरक र नयाँ धारणा सहित काम गर्छौं ।
- मेरो परिवारको सदस्य आवश्यक सेवा सहयोग लिन जिल्ला तहसम्म जान्छौ ।

**२. सामाजिक पारिवारिक सम्बन्ध**
- समूहमा आवद्ध भएपछि हाम्रो परिवार धेरै पटक छिमेकीको काममा सहभागी भएको छ ।
- छिमेकीको काममा सहभागी भएपछि हाम्रो परिवारलाई पनि धेरै फाइदा भएको छ ।
- मेरो परिवारलाई छिमेकी परिवारले चाहिंदाखेरी सहयोग गर्छन् ।
- समूहमा बसेपछि परिवारमा धेरै नयाँ नयाँ सोच र बिचार आएको छ ।
- समूह/सहकारीमा आवद्ध भएपछि मेरो परिवारमा पहिलेभन्दा अहिले मेलमिलाप पनि बढेको छ ।
- समूहमा बसेपछि हाम्रो/मेरो परिवार एकदमै खुशी छ ।
- समूहमा बसेपछि हाम्रो परिवारमा महिलाको आयआर्जनमा राम्रो भूमिका छ र त्यसमा सबैले सहयोग पनि गर्छन् ।
- समूहमा बसेपछि कुरिती र जातीय भेदभाव घटेको छ ।
- मेरो समुदायलाई/गाउँलाई छिमेकी समुदाय वा गाउँलेले ठीक मान्छन् ।
- मलाई/मेरो परिवारलाई हाम्रो गाउँ/समाज देखेर गर्व लाग्छ ।

**३. छनौट विकल्प र स्वनिर्णय**
- मेरो परिवारले समस्या अनुसार नयाँ विकल्प निकाल्न सक्छ ।
- हाम्रो परिवारले लिने/पाउने सेवा, सुविधाको गुणस्तर अहिले राम्रो छ ।
- हाम्रो परिवारमा कुनै सेवा, सुविधा लिने वा नलिने र कुन पहिले लिने भन्ने छनौट क्षमता बढेको छ ।
- हाम्रो परिवारले आम्दानीको ((जुन बाटो वा उपाय छनौट गऱ्यो त्यो सन्तोषजनक छ ।
- हाम्रो परिवारले विगतमा हामीलाई आवश्यक परेको सेवा, सुविधा छनौटमा गल्ती गरेको महशुस हुन्छ ।
- हाम्रो/मेरो परिवारले अझै आफ्नो निर्णय गर्ने क्षमता बढाउन जरुरी छ ।
- मेरो परिवारलाई आवश्यक सहयोग, सेवा कहाँ र कसरी पाइन्छ त्यो राम्रोसँग थाहा छ ।
- मेरो परिवारलाई विकल्पका बारेमा उचित सल्लाह/सुझाव माग्ने उपयुक्त व्यक्ति को हो थाहा छ ।
- मेरो निर्णय क्षमताले परिवारको उन्नतिमा साथ दिएको छ ।
- हाम्रो परिवार जीविकोपार्जन/जीवनयापनमा उपयुक्त दिशातर्फ उन्मूख छौं ।

**४. सहभागिता जिम्मेवारी**
- गाउँको सार्वजनिक काममा हाम्रो परिवारको उपस्थिति प्रायजसो हुने गर्दछ ।
- हाम्रो/मेरो परिवारले आवश्यक परेको बेला समुदायलाई नेतृत्व दिन सक्छ ।
- मेरो/हाम्रो परिवारलाई सामाजिक कामप्रति धेरै रुची बढेको छ ।
- मेरो परिवारको बिचारमा सामाजिक काम गर्दा आफ्नो स्वार्थलाई हेर्नु हुँदैन ।
- मेरो परिवारको बिचारमा समूह/संगठन मार्फत गाउँको विकास छिटो हुन्छ ।
- मेरो परिवारको बिचारमा हाम्रो समुदायले/गाउँलेले जे जस्तो प्रयास गरेको छ त्यसले बिकासमा सहयोग पुगेको छ ।
- मेरो परिवारको बिचारमा गाउँ/ठाउँको विकास निर्माणमा नेता मात्र अघि सरेर हुँदैन ।
- मेरो परिवारको बिचारमा गाउँको उन्नति गर्न सबैले उत्तिकै जिम्मेवारी पूरा गर्नुपर्छ ।
- मेरो परिवारको बिचारमा सामाजिक जिम्मेवारी बहन गर्दा क्षमता अनुसार सहभागिता र जिम्मेवारी राम्रोसँग बाँड्नु पर्छ ।
- मेरो परिवारको बिचारमा ५ वर्ष अघिभन्दा अहिले हाम्रो जिम्मेवारी बढेको छ र उन्नति पनि अहिले धेरै भएको छ ।

**५. खुशीयाली, सन्तुष्टी र आत्मसम्मान**
- मेरो परिवार भविष्यमा आइपर्ने ठूलै समस्या पनि टार्न सक्षम छ ।
- मेरो परिवारले गर्ने पेशा/व्यवसायप्रति अरु सबैले सम्मान दिन्छन् ।
- मेरो परिवार आवश्यक परेको बेला छिमेकीको आपतविपत टार्न पनि पछि पर्दैन् ।
- मेरो परिवारमा अरु धेरैजना सहयोग, सरसल्लाहका लागि आउँछन् ।
- हाम्रो/मेरो परिवारलाई भगवानप्रति आस्था छ ।
- मेरो परिवारमा सबैले सबैलाई सम्मान गर्छन् । झै-झगडा कहिल्यै हुँदैन ।
- मेरो परिवारले जे-जति सेवा, सुविधा उपभोग गर्न सफल भएको छ त्यसमा सन्तुष्टी छ ।
- मेरो परिवारलाई आईपर्ने कुनैपनि समस्यामा सहयोग गर्न तत्पर हुने अरु धेरै छन् ।
- मेरो परिवारको ५ वर्ष अधिको भन्दा अहिलेको सम्पूर्ण अवस्था सुधारतर्फ अघि बढेको छ ।
- मेरो परिवारको विचारमा यो गाउँ बस्नको लागि अति उपयुक्त स्थान/सम्मानजनक ठाउँ हो ।

◆◆◆

प्रेषक

**सहमति**

गैंडाकोट-५ नवलपरासी
फोन नं.: ०५६-५०२०९०
E-mail:sahamati@wlink.com.np
Website : www.sahamati.org

प्रापक



टिकट